# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
५ नं. प्रदेश, नेपाल

फोन : ०७१-५५१५५२
फ्याक्स : ०७१-५४१२८३
E-mail: butmayorsect@gmail.com

प.सं. ०७६/०७७
च.न २५४६

मिति २०७६/१०/२६

## प्रतिबद्धता

'लैंगिकमैत्री सहर, बुटवल उपमहानगर' अभियानलाई सार्थक तुल्याउन विशेष रणनीतिका साथ लैंगिक हिंसामुक्त समाज निर्माणको अभियान सुरु गरिएको हो । लैंगिक हिंसा विरुद्धको रणनीतिक कार्ययोजनालाई कार्यान्वयनमा ल्याउँदै सभ्य र समुन्नत समृद्ध बुटवल निर्माणमा हामी सबै जुटेका हौं । यो महत्वपूर्ण कामलाई सफल पार्न सरोकारवाला सबैको सहकार्यका साथ अगाडि बढेका छौं । यो अभियानमा विभिन्न तप्काबाट, विभिन्न भूमिकामा रहेर सहयोग गर्ने, सहकार्य गर्ने र शुभेच्छा प्रकट गर्ने सबैलाई धन्यावाद तथा आभार प्रकट गर्दछु ।

आजको आधुनिक युगमा लैंगिक हिंसा हुनुलाई स्वाभाविक मान्न सकिंदैन । यो विषय कानुनी रुपमा दण्डनीय छ तर, समाजका परम्परा र मान्यताले यसरी जरा गाडेका छन् कि गैरकानुनी कामलाई पनि कानुनसम्मत बनाइदिएको छ । कानुनी शासनलाई आत्मसात गर्ने हो भने अब त्यस्ता परम्परालाई राख्न र मान्न सकिंदैन । लैंगिक हिंसा त्यस्तै अस्वीकार गर्नुपर्ने र सदैका लागि अन्त्य गर्नुपर्ने एउटा परम्परा हो ।

जुन समाजमा कुनै पनि नाममा विभेद हुँदैन त्यहाँ सम्मान र आत्मसम्मान अनुभूत भएको हुन्छ । बुटवल उपमहानगरपालिकालाई लैंगिक हिंसामुक्त बनाउने उद्घोषसहित जनताका सामु हामीले निर्वाचित भएलगत्तै 'हामी यस बुटवल उपमहानगरपालिकालाई लैंगिक हिंसामुक्त नगर बनाउने छौं' भन्ने प्रतिबद्धता जाहेर गरेका थियौं । यो मुद्दा सामान्य होइन यहाँ सबैको साथ, सहयोग, ऐक्यबद्धता र इमान्दारिता आवश्यक पर्दछ ।

बुटवल उपमहानगरपालिका भित्र महिलालाई महिला भएकै कारण, पुरुषलाई पुरुष भएकै कारण र तेस्रो लिंगिलाई तेस्रो लिंगि भएकै कारण हिंसा हुन नदिने वातावरण तयार गरि यस उपमहानगरपालिकालाइ लैंगिक हिंसामुक्त नगरका रुपमा परिचित बनाउने र यहाँका हरेक नागरिकले आत्मसम्मानपूर्वक बाँच्न पाउने वातावरण तयार हुनेमा हामी विश्वस्त छौं ।

यस उपमहानगरपालिकाको सरकार प्रमुखको हैसियतले उद्‌घोष गर्दछु-'म हिंसा विरुद्ध प्रतिबद्ध छु, यस उपमहानगरपालिकाभित्र हिंसा हुन दिइनेछैन, हिंसा सहन गर्नुपर्ने वातावरण अन्त्य गरिनेछ ।' यो हामी सबैको साझा मुद्दा हो । हामी सबै लागिपरे लैंगिक हिंसालाई अन्त्य गर्न सकिन्छ र यो सम्भव छ । लैंगिक हिंसाविरुद्धका हरेक सवालमा हामी ऐक्यबद्ध छौं । लैंगिक हिंसामुक्त समाज निर्माण गर्नका लागि उपमहानगरपालिका मातहत कार्यदलद्वारा तयार पारिएको प्रस्तुत कार्ययोजना कार्यान्वयनमा प्रतिबद्धता जाहेर गर्दछु । महत्वपूर्ण कार्यको प्रशंसा गर्दै कार्यदल र सम्बद्ध सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

शिवराज सुवेदी
प्रमुख

शिवराज सुवेदी
प्रमुख
बुटवल उप-महानगरपालिका

# बुटवल उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
५ नं प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: butwalmun_btw@wlink.com.np


प.सं.०७६।०७७
च.न २५६२

मिति : २०७६।१०।२७

**विषय: हार्दिक आभार एवं धन्यवाद**

हिंसामुक्त समाजको कल्पना गर्नु वा सपना देख्नु साँच्चीकै चुनौतिपूर्ण छ । यद्यपी **लैंङ्गिक हिंसामुक्त शहर, बुटवल उपमहानगर** बनाउन देखेको सपना साकार पार्न हाम्रा नगरवासीको उत्साहका साथ र ऐक्यबद्धताले साच्चिकै सम्मानयुक्त बातावरण तयार गरी वुटवल उपमहानगरपालिका लैंङ्गिक बिभेदबाट मुक्त समाज बनाउने दिशातर्फ अगाडि बढीसकेको छ । हामीलाई थाहा छ , मानव प्रवृत्ति नै हिंसा शुन्य समाज निर्माणको वाधक हो तर लैंङ्गिक बिभेदमा आधारीत हिंसा भने शुन्यप्राय: गर्न सकिन्छ । लैंङ्गिक हिंसामुक्त समाजको परिकल्पना कठिन विषय ठानिए तापनि यो एक दुई बर्षको अवधिमा आमनागरिकको बुझाई परिस्कृत भैसकेको छ । बुटवल उपमहानगरपालिका क्षेत्रमा बसोवास गर्ने जुन सुकै जात जाती, भाषा, धर्म, संस्कृति, लिङ्ग, क्षेत्र र पेशाका कारणबाट हिंसामा पर्न नपरोस् भन्ने हेतुले लैंङ्गिक हिंसा शुन्य अवस्थामा ल्याउन खोजेका छौं । तसर्थ लैंङ्गिकहिसा बिरुद्ध शुन्य सहनशीलता कायम गर्नकालागि नीतिगत व्यवस्था समेत गरेका छौं । नगरवासी कसैले लैङ्गिक हिंसा भोग्नु पर्ने छैन, एक आपसमा सहकार्य, सद्भाव, स–सम्मान, आत्मसम्मानको बोध गर्ने र समान न्याय सहित पूर्ण सुरक्षित अनुभूत हुने बाताबरण तयार गर्ने उद्देश्य वुटवलले लिएको छ ।

**लैंङ्गिक हिंसामुक्त बुटवल** बनाउनका निम्ति कार्ययोजना निर्माणका लागि गठित कार्यदलले सरोकारवालाहरु संगको विभिन्न प्रक्रिया र चरणबद्ध रुपमा गरेको अर्न्तक्रिया, छलफलहरुबाट प्राप्त सुझाव र विज्ञ व्यक्तित्वहरुको सहजीकरणमा योजना निर्माण गरी दिएका सुझावका आधारमा यस उपमहानगरपालिकाले **लैङ्गिक हिंसामुक्त बुटवल**का लागि **लैङ्गिक हिंसा विरुद्धको रणनीतिक कार्ययोजना** स्वीकृत गरिसकेको छ । यो रणनितिक योजनाको कार्यान्वयनमा वुटवल उपमहानगरपालिकाको एक्लो प्रयास संभव छैन। सम्पूर्ण सरोकारवाला सरकारी, गैरसरकारी संघ संस्था, समुदायमा आधारित संघ संस्था, राजनैतिक दलहरु, नगरवासी तथा सम्पुर्ण पक्षको सहयोग सहकार्य र क्रियाशीलता जरुरी छ । सवैको प्रतिवद्धता, सक्रियता र क्रियाशीलतामा मात्र बुटवल लैंङ्गिक हिंसा मुक्तशहर वन्ने कुरामा हामी बिश्वस्त छौं ।

**लैंङ्गिक हिंसामुक्त बुटवल**का लागि कार्ययोजना निर्माण कार्यमा सक्रिय भूमिका निर्वाह गर्ने कार्यदल, सहजकर्ता, सम्वद्ध कर्मचारीहरु र प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सहयोग पुर्‍यांउनु हुने नगर प्रमुखज्यू , सम्पुर्ण जनप्रतिनिधिहरु साथै सम्पूर्ण न्यायप्रेमी नगरवासीहरु तथा सरोकारवालाहरु सबैमा हार्दिक धन्यवाद एवं आभार ब्यक्त गर्दै यसको सफल कार्यान्वयनमा सदा झै साथ सहयोगको अपेक्षा गर्दछु ।

गुमा देवी आचार्य
उपप्रमुख
बुटवलउपमहानगरपालिका

गुमादेवी आचार्य
उप-प्रमुख

# बुटवल उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बुटवल, रुपन्देही

५ नं. प्रदेश, नेपाल

फोन : ०७१-५५१५५२
फ्याक्स : ०७१-५४१२८३
E-mail: butmayorsect@gmail.com

प.सं. ०७६/०७७
च.न. २५४६

मिति २०७६/१०/२६

## हाम्रो प्रतिबद्धता

बुटवल उपमहानगरपालिकालाई लैंगिक हिंसाका दृष्टिकोणले हिंसामुक्त उपमहानगरका रुपमा स्थापित गर्ने रणनीतिक कार्ययोजनाका साथ अगाडि बढेका छौं । जनप्रतिनिधि, कर्मचारी, अधिकारकर्मी, नागरिक अगुवा, सञ्चारकर्मी देखि यहाँका सामाजिक संघ संस्थाहरुको साझा सहकार्यका साथ बुटवल उपमहानगरपालिकालाई हिंसामुक्त उपमहानगरका रुपमा विकास गर्न लागेका छौं ।

बुटवल उपमहानगरपालिकालाई लैंगिक हिसाबिरुद्धको सहरका रुपमा र हिंसाको शून्य सहिष्णुता कायम गर्नका लागि नीतिगत व्यवस्था गरेका छौं । बुटवल उपमहानगरपालिकामा बसोबास गर्दा होस् वा यहाँ प्रवेश गरिसकेपश्चात होस्, कसैले पनि लैंगिक हिंसा भोग्नु पर्ने छैन र हिंसा गर्न दिइने छैन । कुनै पनि प्रकारका हिंसा, ज्यादती वा अपराधमा संलग्नलाई कानुनी रुपमै जवाफदेही बनाइने छ ।

बुटवल उपमहानगरपालिकालाई नागरिकका निजी आवासदेखि सार्वजनीक स्थलहरुमा लैंगिक बिभेदका कुनै पनि घटना वा अपराध हुनेछैन र हुन दिइनेछैन । लैंगिक हिंसामुक्त बुटवल शहर बनाउनका निम्ति गठित कार्यदलले नगरबासीका सुझावका आधारमा निर्माण गरेको यो कार्ययोजनालाई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्दछु । समानताका दृष्टिकोणले तयार पारिएको यो कार्ययोजनाले बुटवललाई लैंगिक हिंसामुक्त बनाउने कुरामा हामी बिश्वस्त छौं ।

चक्रपाणी शर्मा
प्रमुख प्रशाकीय अधिकृत

चक्रपाणी शर्मा
प्रमुख प्रशासकीय अधिकृत

"समृद्ध बुटवल खुसी बुटवलबासी "

# लैङ्गिक हिंसा मुक्त बुटवलको रणनीतिक कार्ययोजना-२०७६

## कार्यकारी सारांश :

नेपालको संविधानको धारा ३८ ले प्रत्येक महिलालाई लैंगिक भेदभावविना समान वंशीय हक हुने, महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त हुने लगायतका व्यवस्था गरेको छ।

राज्यका निर्देशक सिद्वान्तले पनि लैंगिक समानतालाई जोड दिएको छ । संयुक्त राष्ट्रसंघीय महासभाले सन् २०३० सम्म पूरा गर्ने गरी राखिएका दिगो विकासका लक्ष्य अन्तर्गत लैंगिक समानता तथा महिला र बालिका सशक्तिकरण रहेको छ।

लैंगिक हिंसा प्रायः असमान शक्ति सम्बन्धका कारण हुने गर्छन् । लिङ्गका आधारमा हुने हिंसा लैंगिक हिंसा हो। शाब्दिक रुपमा महिला वा पुरूष वा तेस्रो लिङ्गी भएकै आधारमा पेशा,अध्ययन, कार्यस्थल, परिवार तथा समाजमा वा कुनै पनि ठाउँमा घृणा गर्नु, कुटपिट गर्नु, यौनजन्य दुराचार गर्नु, डरत्रास, धम्की दिनु, पारिश्रमिक नदिनु वा कम दिनु, अश्लील शव्द बोल्नु, अश्लील फोटो देखाउनु आदि सबै लैंगिक हिंसा हुन् । यस्तो हिंसा पुरुष, महिला वा तेश्रो लिङ्गि सवैमा हुन सक्छ। तर, लिंगका आधारमा हुने हिंसा भन्दासाथ प्रायः महिलामाथि हुने हिंसा नै बुझ्ने गरिन्छ। यो यस अर्थमा कि लैङ्गिक हिंसावाट मूलभूत रुपमा महिलाहरु नै प्रभावित भइरहेको पाइन्छ।

समाजमा विभाजित असमान शक्ति सम्वन्धलाई प्रयोग गरी कमजोर वनाइएका समूह, लिङ्गमाथि शक्तिको दुरुपयोग गर्ने मानसिकतालाई कायम राख्न समाजमा स्थापित परम्परागत प्रचलन र अभ्यासहरु सहयोगी वनेका छन्।

लैंगिक हिंसाको अन्त्यका लागि निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक सबै पक्षलाई ध्यान दिई कार्यक्रम वनाउन आवश्यक भएकोले "लैगिंक हिंसा अन्त्यका लागि सहकार्य" भन्ने विषयलाई रणनीतिक महत्वको विषय वनाएर अल्पकालीन र दीर्घकालीन कार्यक्रममार्फत् लैंगिक मैत्री समाज बनाउनु र साँचो अर्थमा मानवीय मूल्ययुक्त समाज (City With Humanities) बनाउने उद्देश्य यस उप-महानगरको छ।

यो रणनीति बुटवल उप-महानगरपालिकालाई लैंगिक हिंसामुक्त बनाउनका लागि सवै सरोकारवाला बीचको सहकार्यबाट निर्माण गरीएको हो। सरोकारवालाकै समझदारी, सहकार्य र समन्वयात्मक भूमिकावाट यो रणनीतिको सफल कार्यान्वयन हुनेछ। यो रणनीतिक कार्ययोजनाको कार्यान्वयनवाट बुटवललाई लैंगिकमैत्री नमूना शहरको रुपमा स्थापित गर्न सकिने छ।

# परिच्छेद १

## प्रारम्भिक

### १.१ पृष्ठभूमि :

वुटवल ऐतिहासिक,पुरातात्विक, सामरिक, व्यापारिक, सामाजिक, सांस्कृतिक एवं भौगोलिक विविधताको दृष्टिले महत्वपूर्ण मानिन्छ। आदि मानव रामपिथेकसको क्रीडास्थल वुटवल, मेची–महाकाली जोड्ने पूर्व–पश्चिम राजमार्ग र सुनौली–पोखरा जोड्ने सिद्धार्थ राजमार्ग तथा पहाड–तराईको संगम स्थल एवं पूर्व पश्चिम नेपालको करिव मध्यभागमा पर्ने बुटवल १०३.९८ वर्ग कि.मी क्षेत्रफलमा रहेको छ। २०६८ सालको जनगणना अनुसार बुटवलको घरधूरी संख्या ३४,०९७ र जनसंख्या १,३८,७४२ मध्ये महिला ७०,४५४ र पुरुष ६८,२८८ छ। २०७६ सालको पुससम्म आइपुग्दा बुटवलको जनसंख्या २ लाख ५० हजार रहेको प्रक्षेपण गरिएको छ।

मानवीय विकासका आधारभूत पक्षलाई हेर्ने हो भने समानता, न्याय, शान्ति, दिगो आर्थिक विकास, उत्पादकता, सशक्तिकरण, सहकार्य र सुरक्षालाई मुख्य रुपले लिन सकिन्छ। यस अर्थमा उप-महानगरले लैङ्गिक हिंसामुक्त बुटवल बनाउने कामलाई उच्च प्राथमिकता दिएको छ।

इलाका प्रहरी कार्यालय बुटवलका अनुसार यस उप-महानगरभित्र आ.व. २०७४/७५मा घरेलु हिंसा ८६, बलात्कार ३१, मानव बेचबिखन २, अलपत्र २२, आत्महत्या २२, सामाजिक हिंसा ५, बहुविवाह ६, र अन्य १५ गरी १८९ भन्दा वढी लैङ्गिक हिंसा तथा लैंगिक विभेद सम्वन्धि घटना भएका छन्।

त्यस्तै आ.व. २०७५/७६ माघरेलु हिंसा ७३, बलात्कार २६, बलात्कारको प्रयास १३, मानबेचबिखन २, अलपत्र २२, बहुविवाह ७ गरि जम्मा १४३ वटा घटना भएका छन्।

लैङ्गिक हिंसा विकासको बाधक हो। पारिवारिक शान्ति नै समुदाय शान्तिको आधार हो। समुदायको बिकास नै समग्र बुटवल उपम-हानगरपालिकाको बिकासको आधार हो।

यहि मान्यतालाई आत्मसाथ गर्दै बुटवल उपमहानगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरु पदवहालीसंगै बुटवल उप-महानगरपालिकालाई लैङ्गिक हिंसामुक्त बनाउन प्रतिवद्धता उद्घोष गरी उप-प्रमुखको संयोजकत्वमा ७ सदस्यीय कार्यदल गठन गरी कार्ययोजना निर्माणको कार्य अगाडि वढाइएको हो।

यो रणनीतिक कार्ययोजना तयार गर्दा यस उप-महानगरको अवस्था विश्लेषण गरिएको छ। यसलाई अवलम्वन गरिने कार्यनीति के हुन्छ र लैङ्गिकमैत्री नगर निर्माणका आधारहरु के हुन सक्छन् भनेर पनि पर्याप्त छलफल गरिएको छ। त्यसवाहेक कार्ययोजनाका जोखिम पक्ष अर्थात् चुनौती, लैङ्गिक हिंसामुक्त नीति, यसका जिम्मेवार पक्ष तथा सरोकारवालाहरु, लैंगिक हिंसामुक्त बुटवल सम्वन्धी साझा संकल्प एवं प्रतिवद्धता,कार्यदलका वैठक, गोष्ठी तथा निर्णयहरु अनुसूचिमा प्रस्तुत गरिएको छ। (अनुसूचि १–८)

## १.२. सैद्धान्तिक तथा रणनीतिक आधारहरु :

१. नेपालको संविधान, विश्वव्यापी मानव अधिकारसम्बन्धी घोषणा पत्र,महिलामाथि हुने सबै प्रकारका भेदभाव अन्त्यसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी (**CEDAW** ), अन्तर्राष्ट्रिय महिला सम्बन्धी सम्मेलनहरु, विभिन्न घोषणा पत्रहरु।

२. नेपाल सरकारले जारी गरेका लैगिंक समानता तथा समावेशी सम्बन्धी नीतिहरु, योजना, कार्ययोजनाहरु, अभियानहरु, सामाजिक न्यायमा आधारित समावेशी नीति सिद्धान्तहरु ।

# परिच्छेद २

१. **परिकल्पना (Vision):** समानता र सामाजिक न्यायमा आधारित नमूना शहर, बुटवल उप-महानगर


२. **ध्येय** (**Mission**): लैंगिक समानता र सामाजिक न्यायमा आधारित नगर निर्माणमा समन्वय र सहकार्यका साथ क्रियाशील रहने।

३. **लक्ष्य: लक्ष्य श्रृंखला:**

लैंगिक हिंसामुक्त नगर

लैगिक मैत्री नगर

मानवताको शहर, वुटवल उप-महानगर



## ४. उद्देश्य

४.१ सरोकारवालासंगको समन्वय, सहकार्य र साझेदारीमा लैंगिक हिंसामुक्त शहर निर्माण गर्ने ।

### विशिष्ट उद्देश्यहरु:

४.१.१ हिंसा पिडित/प्रभावितका लागि न्याय र सुरक्षा प्राप्त गर्न तथा हिंसाको जोखिममा रहेकाहरुलाई आवश्यक सहयोग एवं सुरक्षा प्राप्त गर्न सक्ने अवस्था निर्माण गर्ने गराउने ।

४.१.२सबै सरोकारवाला निकाय र संस्थाहरुमा लैगिंक संवेदनशील नीतिनिर्माणका तथा कार्यान्वयन गर्ने र गराउने ।

४.१.३ लक्षित वर्ग र क्षेत्रका योजना तथा कार्यक्रमहरु संचालन गर्ने पक्षविच एकीकृत समन्वय र सहकार्य गर्ने ।

## ५ . अपेक्षित उपलब्धि

५.१ सरोकारवाला निकायहरुले लैंगिक नीति लागू गरेका हुनेछन् ।

५.२ न्यायिक समिति, मेलमिलाप केन्द्र र नगर प्रहरीको क्षमता विकास हुनेछ ।

५.३ समन्वय समिति र अनुगमन समिति गठन भै क्रियाशील भएका हुनेछन् ।

५.४ निगरानी तथा उद्धार समिति गठन भै क्रियाशील भएको हुनेछ ।

५.५ आवश्यकता अनुसारका कार्यदल तथा समुहहरु गठन भै क्रियाशील भएको हुनेछ ।

५.७ पिडित तथा प्रभावितहरुका लागि सहज र पहुँचयोग्य सूचना ब्यवस्थापन सेवा प्राप्त भएको हुनेछ ।

५.९ सूचना संप्रेषण प्रणाली देहाय बमोजिम व्यवस्थित भएको हुनेछ ।

क) टोल फ्रि नंवर ।

ग) सुरक्षा आवासगृह ।

घ) मनोसामाजिक परामर्श केन्द्र ।

ङ) कानूनि सेवा

च) समन्वय तथा निगरानी समिति ।

छ) आमसंचारका माध्यमहरु परिचालन ।

माथि उल्लेखित सम्पूर्ण उपलब्धि हासिल भए पछि लैगिंक हिंसामुक्त बुटवल उप-महानगर हुनेछ ।

# परिच्छेद ३.

## ३.१. जिम्मेवार निकाय, सहयोगी निकाय र अनुगमन गर्ने निकायको भूमिका तथा रणनीतिक कार्ययोजनाको सीमा, जोखिम पक्ष र अवधि

### ३.१.१. जिम्मेवार पक्षको भूमिका :

कार्ययोजनामा निश्चित गरिएका क्रियाकलापहरुको सफल कार्यान्वयनवाटै कार्ययोजनाको उद्देश्य हासिल गर्न सकिन्छ । तसर्थ कार्ययोजनामा उल्लेखित प्रत्येक क्रियाकलापको कार्यान्वयनका लागि जिम्मेवार निकायहरु तोकिने गरिन्छ । जिम्मेवार निकायले आफैले कार्य प्रारम्भ गर्नुपर्ने विषयमा आफैले अग्रणी भूमिका निर्वाह गर्ने र अन्य सहयोगी निकायको सहयोग आवश्यक पर्ने भएमा त्यस्तो सहयोगको लागि समन्वय गरी निम्न कार्यहरु तोकिएको समयमा नै सम्पन्न गर्नेछ।

क) तोकिएको क्रियाकलाप कार्यान्वयन गर्न मुख्य उत्तरदायित्व लिने।

ख) आवश्यक स्रोत र साधनको व्यवस्था मिलाउने।

ग) आवश्यक नीति तथा कार्यविधि निर्माण र परिमार्जन गर्नुपर्ने भएमा त्यसका लागि नेतृत्व लिने।

घ) सरोकारवालाहरुसंग नियमित समन्वय गर्ने।

ङ) कार्ययोजना कार्यान्वयनमा आइपर्ने वाधा व्यवधान हटाउन पहल गर्ने।

### ३.१.२. सहयोगी निकायको भूमिका :

कार्ययोजनामा निश्चित गरिएका क्रियाकलापहरुको कार्यान्वयनका लागि प्रमुख रुपमा जिम्मेवार निकायले समन्वय गरेमा वा सहयोगको अपेक्षा गरेमा सहयोगी निकायले आवश्यक सहयोग गर्नुपर्दछ।

क) सम्वन्धित क्रियाकलाप कार्यान्वयन गर्न जिम्मेवार निकायलाई सघाउने।

ख) जिम्मेवार निकायको अनुरोध अनुरुप आवश्यक स्रोत साधनर विशेषज्ञता उपलव्ध गराउने।

ग) जिम्मेवार निकायलाई आवश्यक सूचना संप्रेषण गर्ने।

घ) जिम्मेवार निकायको समन्वयमा अन्य आवश्यक कार्य गर्ने।

### ३.१.३ अनुगमन गर्ने निकायको भूमिका :

नियमित अनुगमनवाट कार्यान्वयनको स्थिति थाहा पाउन र कार्यान्वयनका क्रममा देखिएका समस्याको पहिचान गरी समयमै तिनको निराकरण गर्न अनुगमनबाट सहज हुन्छ।

अनुगमन निरन्तर चलिरहने प्रक्रिया भएकोले यसले कार्ययोजना कार्यान्वयनमा सहजता र परिष्कृत नतिजा हासिल गर्न सकिन्छ।

१. आन्तरिक तथा वाह्य संयन्त्रबाट समेत अनुगमन गर्ने ।
२. सूचक तथा मापदण्डका आधारमा नियमित अनुगमन गर्ने ।
३. क्रियाकलापको कार्यान्वयनको लागि प्राप्त स्रोत र साधनको पर्याप्तता मुल्याङ्कन, जाँच गर्न सघाउने ।
४. अनुगमनका सुझाव, प्रतिवेदनहरु कार्यान्वयनका लागि जिम्मेवार तथा सहयोगी निकायमा पठाउने ।

## ३.२ .**कार्ययोजनाको सीमा** :

- यो कार्ययोजना लैङ्गिक हिंसामुक्त समाज निर्माणका लागि सरोकारवालाहरुको समन्वयात्मक प्रयासमा तयार गरिएको छ ।
- समाजमा विद्यमान लैंगिक समस्यालाई अध्ययन गरी तयार पारिएकोले समाज विकासक्रममा देखा पर्ने नयां आयामहरु थपिन सक्नेछन् ।
- वुटवल उप-महानगरपालिकाले लिएका नीति, स्थानीय स्रोत साधनको उपलव्धता, लैगिक सरोकारका विषयहरु, सामाजिक मूल्य र मान्यता समेतलाई मध्यजनजर गरी यो कार्ययोजना कार्यान्वयन हुनेछ ।
- सामाजिक परिचालनको अभ्यास, टोल विकास संस्थाहरु,महिला तथा आमा समूहहरु, क्लवहरु, वडा कार्यालय तथा कार्यालयको संरचना, नगर क्षेत्रभित्र क्रियाशील संघसंस्था समूहहरुको क्षमता र क्रियाशीलतामा यो कार्ययोजना कार्यान्वयन हुनेछ ।

## परिच्छेद ४

## बुटवल उप-महानगरपालिकाको लैङ्गिक हिंसा मुक्त रणनीतिक कार्ययोजना ०७६|०७७ देखि २०८१/०८२

| क.सं. | रणनीति | कार्यक्रम | सूचक | पुष्ट्याइका आधारहरु | समय | मुख्य जिम्मेवार | सहयोगी निकाय | वजेट (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|---|
| १ | लैङ्गिक समानताका लागि नीति निर्माण | १. लैङ्गिक समानताका लागि आवश्यक पर्ने नीतिहरुको निमार्ण गर्ने ।<br>२. हानिकारक परम्परा अन्त्यका लागि रणनीति तय गर्ने । | पालिका र यस अन्तरगतका निकायहरुमा लैङ्गिक समानता नीति भएको हुनेछ ।<br>हानिकारक परम्पराको पहिचान सहित त्यस विरुद्दको रणनीति तयार भएको अवस्था । | तयार भएको लैगिक समानता नीति, रणनीति | १ वर्ष भित्र | महिला तथा बालबालिका शाखा | न्यायिक शाखा | २००. |
| | | ३. महिला विरुद्द हुने सबै खाले विभेद अन्त्य गर्ने (cedaw) संयुक्त राष्ट्र संघीय महासन्धि, मानव अधिकारको विश्वव्यापी समिक्षाद्वारा नेपाललाई सुझाएको सुझावहरुलाई बूँदागत रुपमा तयार गर्ने ( दीगो विकासको लक्ष्यको स्थानीयकरणका कममा ति सुझावहरुलाई पुरा गर्ने तवरले लक्ष्यहरु तयार गर्ने ) | लैङ्गिक समानता सहितको दिगो विकास लक्ष्यका स्थानिय सूचकहरु तयार भएको अवस्था । | तयारी सूचकहरु | १ वर्ष भित्र | महिला तथा बालबालिका शाखा | संघसंस्था हरु | २००. |
| | | ४. उप महानगरभित्र रहेका सबै टोल विकास संस्थाहरुको लागि लैङ्गिक विभेद विरुद्द शुन्य सहनशिलताको सिद्दान्तमा आधारित आचारसंहिता तयार /लागु गर्ने । | सबै टोल विकास संस्थाहरुमा लैगिक शुन्य सहनशीलताको सिद्धान्त अनुरुप आचार संहिता तयार भएको र सो बारेमा टोल पदाधिकारीलाई जानकारी हासिल भएको हुनेछ । | आचारसंहिता प्रकाशन र वितरण ।<br>गठित लैगिक निगरानी समुह र टोल विकास संस्थाका प्रतिवेदन | १ वर्ष भित्र | सामाजिक परिचालन तथा गैसस समन्वय शाखा | वडा कार्यालय/ टो.वि.स | २००. |
| | | ५. सबै टोल विकास संस्थाहरुमा लैगिकमैत्री व्यवहारका लागि टोल समुदायस्तरीय लैगिक निगरानी समूह गठन गरी परिचालन गर्ने । | ८०% टोल विकास सस्थाहरुमा लैगिक निगरानी समूह गठन भई कियाशील रहेको अवस्था हुने । | हस्ताक्षर सहितको प्रतिवद्धता | १ वर्षभित्र | वडा कार्यालय | बु.उ. म.न.पा. | २००. |
| | | ६. नपा अन्तर्गत सबै प्रतिष्ठान, सरकारी निकाय मनोरन्जन प्रदान गर्ने सघं सस्थाहरु प्रहरी प्रशासनलगायतका रोजगारदाताहरुको संयोजनमा कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार विरुद्दको आचारसंहिता निर्माण गरी लागु गर्ने । | आचारसंहिता निर्माण गरी लागु भएको । | निर्मित नीति नियमावली र कार्यान्वयन प्रतिवेदन | २ वर्षभित्र | सहकारी तथा रोजगार प्रवर्द्धन शाखा | | २००. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २. | **हिंसा प्रभावितहरुले मौनता तोड्न सक्ने वातावरण निर्माण ।** | १. लैङ्गिक हिसां विरुद्द रहेको कानुन नीति र सहयोगी संयन्त्रहरुको बारेमा सवैलाई जानकारी गराउने । | वडा वडामा सचेतीकरण अभिमुखीकरण कार्यक्रम संचालन भएको अवस्था | सञ्चालन भएको प्रतिविदन र उपस्थिति विवरण | २ वर्षभित्र | महिला तथा बालबालिका शाखा | वडा कार्यालय, न्यायिक शाखा | ३००. |
| | | २. लैङ्गिक विभेदमा आधारित हिसां, यसका कारणको बारेमा आधारभूत तहको पाठ्यक्रममा समावेश गर्नें । | आधारभूत तहको पाठ्यक्रममा लैगिक विभेदमा आधारित हिंसा र यसका कारण समावेश भएको । | लैगिक संवेदनशीलता समावेश भएको पाठ्यक्रम | २ वर्षभित्र | शिक्षा विकास महाशाखा | सा.मु प्र.शाखा | १००. |
| | | ३. निम्न स्थानहरुमा जागरण र सचेतना संवन्धि विभिन्न कार्यकम गर्नें ।<br>क) शैक्षिक प्रतिष्ठानहरु<br>ख) औद्यौगिक प्रतिष्ठानहरु / रोजगारीका क्षेत्रहरु<br>ग) चिकित्सा सेवासंग सम्बन्धित क्षेत्रहरु<br>घ) प्रहरी संगठन ,कार्यालय<br>ङ.) यातायात मजदुर सगंठन<br>च) होटल रेष्टुरेण्ट, खाजा घरहरुमा | पम्प्लेट, बुकलेट तयार भएको अवस्था ।<br>सचेतीकरण तालिम संचालन भएको | सञ्चालन भएको प्रतिवेदन र उपस्थिति विवरण | २ वर्षभित्र | महिला तथा बालबालिका र सामाजिक सुरक्षा तथा पंजिकरण शाखा | वडा कार्यालय, विद्यालय, संघसंस्था तथा सरकारी निकाय | ५००. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | **हिंसा प्रभावितले छिटो छरितो न्याय पाउने वातावरण निर्माण** | १. न्यायिक समितिको काम प्रभावकारी बनाउन इजलासको सबलीकरण गर्ने ।<br>२. न्यायिक समितिको कार्यविधि निर्माण ।<br>३. इजलासमा द्रुत सुनुवाई गर्ने ।<br>४. सामुदायिक मेलमिलाप र मनोविमर्शकर्ता को व्यवस्था गर्ने ।<br>५. २४ घँटे हटलाइन र टोल फ्रि सेवा संचालन ।<br>६. गोपनियताको सुनिश्चितता ।<br>७. सुरक्षा आवास गृहको व्यवस्था ।<br>८. आवश्यकता अनुसार कानुनी सहयोग उपलब्ध गराउने<br>९. प्रभावितलाई अवश्यक सहयोग गर्ने । | व्यवस्थित रुपमा इजलासवाट न्यायिक समितिको कार्य संचालन हुने ।<br>कार्यविधि निर्माण र कार्यान्वयन भएको<br>आवश्यकतानुसार द्रुत सुनुवाईको व्यवस्था भएको ।<br>वडा वडामा सामुदायिक मेलमिलापकर्ताको व्यवस्था भएको ।<br>हटलाइन सेवा संचालनमा आएको ।<br>गोपनीयताको सुनिश्चितताको व्यवस्था ।<br>हिंसापिडितका लागि सुरक्षा आवास गृह संचालन भएको ।<br>विपन्न पिडितलाई सहयोग उपलब्ध हुने । | आएका उजुरी र न्यायिक समितिका प्रतिवेदन<br>निवेदनका आधारमा कार्यान्वयनको प्रतिदन<br>गोपनियता सुनिश्तिता हुने गरी काउन्सिलिङ्ग प्रतिवेदन<br>सञ्चालित सुरक्षा आवास गृह<br>सहयोग भएको प्रतिवेदन | नियमित<br>२ वर्षभित्र | न्यायिक समिति<br>-न्यायिक समिति<br>- न्यायिक समिति<br>-संघसंस्था<br>- महिला तथा बालबालिका शाखा<br>-सामाजिक परिचालन तथा गैसस | सामान्य प्रशासन महाशाखा<br>वडा कार्यालय<br>संघसंस्था<br>संघसंस्था बार इकाई | ५००.<br>१०००.<br>५००. |
| ४ | **महिला सशक्तिकरण सम्बन्धी दीर्घकालीन योजना कार्यान्वयन** | लैगिंक हिंसासंवन्धी कार्ययोजना कार्यान्वयनका लागि विभिन्न निकाय, संघ संस्थाहरुसंग सहकार्य गर्ने । | कार्यान्वयनका लागि सरोकारवालाहरुसंग नियमित वैठक र समन्वय भएको अवस्था<br>लैगिक हिंसा सम्बन्धी विषयगत संस्थाहरु संग साझेदार गरी कार्यान्वयन गरिएको अवस्था | साझेदारी भएको सम्झौता पत्र<br>साझेदार संस्थाले गरेको कार्यप्रगति प्रतिवेदन | निरन्तर | सामाजिक विकास महाशाखा | संघसंस्था | ५००. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | **लैङ्गिक संवेदनशील र उत्तरदायी भई कार्यान्व्यन गर्न सेवा प्रदायकहरुको क्षमता विकास** | जिम्मेवार निकायका जिम्मेवार व्यक्तिहरुको क्षमता विकास संवन्धि कार्यक्रम संचालन गर्ने ।<br>१. उप-महानगरपालिका<br>२. सुरक्षा निकाय<br>३. स्वास्थ्य सेवा संस्थाहरु<br>४.न्याय सम्पादन गर्ने संस्थाहरु<br>५. शिक्षा सेवा क्षेत्र<br>६. संघ संस्थाहरु<br>७. टोल विकास संस्थाहरु<br>८. मिडिया | लैगिक समानता तथा सामाजिक समावेशीकरण र लैगिक हिंसा विभेदका वारेमा सरोकारवालाहरुलाई अनुशिक्षण प्रदान गरिएको । | क्षमता विकास सम्बन्धी बजेट क्षमता विकास तालीमको उपस्थिति विवरण, प्रतिवेदन | नियमित | महिला तथा बालबालिका शाखा | संघसंस्था हरु | १०,००. |
| ६ | **लैङ्गिक समानता सम्बन्धी सचेतना अभियान संचालन** | १. लैङ्गिक हिंसासम्बन्धी शून्य सहनशीलता नीतिको प्रचार प्रसार सामग्रीको निर्माण । | जिंगल, पम्प्लेट, होर्डिङ वोर्ड, आदि तयार भएको | तयारी सामग्रीहरु | १ वर्षभित्र | महिला तथा बालबालिका शाखा | सूचना शाखा संघसंस्था मिडियाहरु | १००. |
| | | २. तयार भएका सामग्रीहरुको प्रचार प्रसारका लागि संचार माध्यमलाई परिचालित गर्ने । | संचार माध्यमहरु परिचालन भएको हुने । | संचार माध्यमसंगको सम्झौता/ पत्राचार | लगातार | महिला तथा बालबालिका शाखा | सूचना शाखा, संचार माध्यम | ३००. |
| | | ३. शून्य सहनशीलता नीति बनाउनका लागि आचार संहिता गोपनीयता, टोल फ्रि नं को प्रयोग गर्ने | शून्य सहनशीलता नीति अवलम्बन भएको हुनेछ । | घटना र कारवाहीका विवरणहरु । | १ वर्षभित्र | महिला तथा बालबालिका शाखा | सूचना शाखा | २००. |
| ७ | **लैङ्गिक हिंसालाई संवोधन गर्न विभिन्न निकाय सँग साझेदारी सुदृढीकरण** | १. समन्वयात्मक वैठकहरु निरन्तर/ नियमित गर्ने ।<br>२. सवै संघ संस्थाहरुवाट लैगिक नीति निर्माण गरी लागु गर्ने ।<br>३. प्रतिवेदन, अनुगमन,मूल्यांकनमा एकद्धार प्रणालीको विकास गर्ने । | सल्लाहकार समिति, कार्यान्वयन तथा अनुगमन समिति र वडा समन्वय समितिको गठन भई वैठक नियमित भएको ।<br>वार्षिक प्रतिवेदन प्रकाशन भएको ।<br>संघ संस्थाहरुमा लैगिक नीति निर्माण भै | वैठक र निर्णय पुस्तिका<br>संघ संस्थामा रहेका लैगिक संवेदनशिल नीति | प्रत्येक वर्ष<br>२ वर्ष | सामाजिक परिचालन तथा गैसस समन्वय शाखा | सामाजिक संघसंस्था | ६००. |
| | | | लागु भएको | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | **लैङ्गिक हिंसा प्रभावितहरु तथा जोखिममा रहेकाहरुको आर्थिक सवलीकरणका लागि तत्कालीन तथा दीर्घकालीन उपायहरु अवलम्बन** | १. टोल विकास संस्थाहरुवाट लैङ्गिक हिंसाको जोखिममा रहेका व्यक्तिहरुको पहिचान गर्ने।<br>२. उनीहरुलाई रोजगारमूलक बजारमा आधारित सीप प्रदान गर्न स्वरोजगारमूलक तालिमहरु प्रदान गर्ने ।<br>३.महिलाद्वारा उत्पादित सामानहरुको बिक्री केन्द्र व्यवस्थापन गर्ने।<br>४. हिंसा प्रभावितहरुले उत्पादन गरेका सामानहरुको बिक्री प्रवन्धमा प्रोत्साहन गर्ने।<br>५.लैङ्गिक हिंसा प्रभावित तथा जोखिममा रहेका महिला तथा किशोरीका लागि व्यावसायिक सीप, उद्यम र व्यवस्थापन क्षमता विकास तालिम संचालन गर्ने । | टोलस्तरीय निगरानी समूहहरुवाट जोखिममा रहेको व्यक्तिहरुको पहिचान हुने व्यवस्था भएको।<br>संघ संस्थाहरुको सहकार्यमा बिक्री केन्द्र व्यवस्थापन भएको।<br>हाट वजार वा प्रदर्शनी मेला आयोजना हुने स्थानमा विक्री तथा प्रदर्शनी गर्ने व्यवस्था मिलाइएको।<br>विभिन्न किसिमका तालिम संचालन भएको । | विवरण<br>तालीमको उपस्थिति ,<br>प्रतिवेदन, प्रत्रपत्रिकामा छापिएका समाचारहरु | २ वर्ष भित्र<br>लगातार<br>२ वर्ष भित्र | वडा कार्यालय<br>सामाजिक परिचालन तथा गैसस समन्वय, र रोजगार प्रवर्द्धन शाखा<br>सहकारी तथा रोजगार प्रवर्द्धन शाखा | सामाजिक विकास संघ संस्थाहरु<br>संघ संस्थाहरु | ५००.<br>५००.<br>१०,००. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९. | **लैङ्गिक हिंसा न्यूनीकारणका लागि युवा परिचालन** | १. नगर तथा वडास्तरमा बाल क्लव संजाल , किशोर युवा समूहहरु परिचालन गर्ने ।<br>२. युवाहरुलाई लैङ्गिक समानता सम्बन्धी अभिमुखीकरण गर्ने ।<br>३.नगरपालिकामा प्रत्येक वर्ष कम्तिमा ५० जना साथी शिक्षक (अभियन्ता) तयार गर्ने ।<br>४.युवाहरुको अगुवाईमा विभिन्न दिवसहरुमा लैङ्गिक समानता समृद्धिका आधार आदि विषयमा निबन्ध, बक्तृत्वकला प्रतियोगिता, सडक नाटक जस्ता कार्यक्रमहरु संचालन गर्ने ।<br>५. महिला पुरुष मैत्रीपूर्ण फुटबल /भलिबल जस्ता खेलहरु संचालन गर्ने । | बालक्लव , किशोर युवा समूहहरुलाई तालिम प्रदान गरिएको ।<br>साथी शिक्षक तयार भई तालिम प्राप्त भएको हुनेछ ।<br>कार्यक्रमहरु संचालन भएको हुनेछ ।<br>साथी शिक्षक तयार गरी तालिम प्रदान गरिएको हुनेछ ।<br>क्षमता प्रदर्शनका कार्यक्रमहरु संचालन भएका हुनेछन् ।<br>मैत्रीपूर्ण खेलहरु संचालन भएका हुनेछन् । | बालक्लव युवाबाट भएका गतिविधिहरुको प्रतिवेदन<br>उपस्थिति विवरण<br>विवरण/ प्रतिवेदन<br>प्रतिवेदन/उपस्थिति विवरण<br>विवरण /प्रतिवेदन | १ वर्ष भित्र<br>२ वर्षभित्र<br>२ वर्षभित्र<br>३ वर्षभित्र<br>३ वर्षभित्र | मंहिला तथा बालबालिका शाखा र गैसस स.शाखा<br>शिक्षा विकास शाखा<br>नगर खेलकूद वि.समिति | शिक्षा शाखा<br>वडा कार्यालय<br>खेलकुद संघ संस्था<br>गैससहरु | ५००<br>५००.<br>५००.<br>५००.<br>३००.<br>३००. |
| १०. | **स्वदेश तथा विदेशमा** | १. समान कामको समान ज्यालाको व्यवस्थापन ।<br>२. घरेलु लगायतका अन्य सेवामूलक श्रमलाई | निर्माण व्यवसायी लगायत रोजगारदातासंग नियमित समन्वय र बैठक भएको । | बैठकको माइन्यूट । | १ वर्षभित्र | | निर्माण व्यवसायी संघहरु | १००.<br>२००. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **रोजगारमा संलग्न महिलाहरुका लागि लैङ्गिक हिंसाको जोखिम न्यूनीकरण कार्यक्रम** | औपचारीकरण गर्ने कार्यको थालनी गर्ने। (formalization of informal work) | सरोकारवालाहरुसंग बैठक अन्तक्रिया कार्यक्रम भएको। | न्युनतम पारिश्रमिक प्राप्त गर्नेको तथ्यांक संकलन। | १ वर्षभित्र | आर्थिक विकास महाशाखा | | |
| | | ३. घरेलु श्रम गर्ने व्यक्ति नगरपालिकामा दर्ता हुनुपर्ने व्यवस्था लागु गर्ने। | | | २ वर्षभित्र | सहकारी तथा रोजगार प्रवर्धन शाखा | पेशागत सघ संगठनहरु | १००. |
| | | ४.घरेलु श्रमका लागि न्यूनतम ज्याला तोक्ने ( श्रम ऐन २०७४ लाइ कार्यान्वियनमा ल्याउने)। | पालिकामा दर्ता रजिष्टरको व्यवस्था। | रोजगारकर्ताहरुको सूचि। | | | | २००. |
| | | ५.नगरभित्र विभिन्न श्रम प्रतिष्ठानहरुमा कार्यरत महिलाको संख्या, पारिश्रमिकको स्थिति जस्ता विषयको विवरण तयार गर्ने। | घरेलु श्रमको न्यूनतम ज्याला तोकिएको हुनेछ। | | तत्काल | | | २००. |
| | | ६. अधिक माग रहेको सेवामूलक क्षेत्रको काम पहिचान गरी दक्षता वृद्धिका लागि तालिम संचालन गर्ने, न्यूनतम ज्याला र काम गर्ने घण्टा स्पष्ट किटान गरि सुरक्षित तबरले रोजगारी प्राप्त गर्ने वातावरण तयार गर्ने। | अध्ययन प्रतिवेदन तयार भएको हुनेछ। | सञ्चालित तालिम र उपस्थिति विवरण। | ४ वर्षभित्र | | | ५००. |
| | | ७. CTEVT र गैरसरकारी संस्थाहरुसँग समन्वय गरी तालिम संचालन गर्ने। | रोजगारीको अवसर सृजना भएको। | | ४ वर्षभित्र | | | ५००. |
| | | ८. वैदेशिक रोजगारीमा जान चाहने महिलाका लागि सूचना केन्द्र स्थापित गर्ने। | तालिमहरु संचालन भएको हुनेछ। | स्थापित सूचना केन्द्र | २ वर्षभित्र | सूचना प्रविधि तथा अभिलेख व्यवस्थापन शाखा | संघसंस्था हरु | १००. |
| | | ९. सुरक्षित आप्रवासन संवन्धि अभिमुखीकरण तथा तालिम संचालन गर्ने। | सूचना केन्द्र स्थापना भएको | | २ वर्षभित्र | सहकारी तथा रोजगार प्रवर्द्धन शाखा | संघ संस्थाहरु | ५००. |
| | | | लक्षित समूह पहिचान गरी अभिमुखीकरण तालिम संचालन भएको। | सञ्चालित तालिम र उपस्थिति विवरण। | १ वर्षभित्र लगातार | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११. | **सकारात्मक र संवेदनशील समाजको निर्माण** | नगर, वडा र टोल तहसम्म निम्नानुसारका छलफल अन्तर्क्रिया संचालन गर्ने ।<br>● सकारात्मक पुरुषत्व ( Positive Masculinity)। यस्तो सोच र व्यवहार भएका व्यक्तिहरु हुर्काउन पारिवारिक भूमिका<br>● पितृसत्तात्मक समाज र यसले महिला, पुरुष, देश र विकासमा परेको असर<br>● संविधानले व्यवस्था गरेका अधिकारलाई सुनिश्चित गर्न लैंगिक समानता र मानव अधिकार शिक्षा | समुदाय तहसम्म नै सचेतना अभियानहरु संचालन भएको ।<br>टोलविकास संस्थाहरुले आचार संहिता लागु गरेका हुनेछन् ।<br>जैविक बाहेकका पुनर्उत्पादनका भूमिकामा पुरुषको सहभागिता बृद्धि भएको हुनेछ ।<br>तेहेरो भूमिकामा महिला पुरुषको समान सहभागिता हुने छ । | तालीमको प्रतिवेदन<br>स्थलगत अवलोकन<br>अध्ययन प्रतिवेदनहरु | नियमित | सामाजिक विकास, महिला तथा बालबालिका शाखा<br>कानुन न्याय तथा मानव अधिकार प्रवर्द्धन शाखा | संघ संस्थाहरु | १०००. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२. | **सामाजिक विभेदमा आधारित हानिकारक परम्पराको अन्त्य गरि समानतामा आधारित समाज निर्माणको आधार तयार** | १. हानिकारक परम्परागत अभ्याससम्वन्धी शिक्षा, सूचना सामग्री निर्माण गर्ने ।<br>२. हानिकारक परम्परागत अभ्यास अन्त्यको रणनीति तयार गर्ने ।<br>३. पाठ्यक्रम पाठ्यपुस्तकमा यी विषय समावेश गर्ने, पूर्व प्रा.वि.देखिनै पारिवारिक शिक्षा संचालन गर्ने ।<br>४.समुदाय तह-देखि सचेतनामूलक कार्यक्रम संचालन गर्ने ।<br>५. विद्यालयका लैंगिक फोकल व्यक्ति र प्रधानाध्यापकहरुलाई हानिकारक परम्पराको विषयमा जानकार वनाउने ।<br>६. हेल्पलाइन ११४५,१०९८ ,१०४, १००, १०३, ११७७ ,१६६००१४१५१६ जस्ता अन्य हटलाइनका बारेमा जानकारी गराउने | सूचना सामग्री तयार भएको ।<br>रणनीति तयार भएको ।<br>स्थानीय पाठ्यक्रममा समावेश भएको हुनेछ ।<br>समुदाय तहदेखि नै सचेतना अभियान संचालन भएको ।<br>विद्यालय तहमा सचेतना अभियान संचालन भएको ।<br>सर्वसाधारणमा जानकारी भएको हुने | तयारी नीति ,रणनीति<br>हानिकारक अभ्यासको अन्त्य का लागि समावेस भएको पाठ्यक्रम<br>कार्यक्रम संचालन प्रतिवेदन | १ वर्षभित्र<br>२ वर्षभित्र<br>३ वर्षभित्र<br>प्रत्येक वर्ष<br>१ वर्ष भित्र | महिला तथा बालबालिका , शिक्षा शाखा<br>शिक्षा शाखा<br>महिला तथा बालबालिका शाखा | संघ संस्था<br>शिक्षा महाशाखा<br>जनस्वास्थ्य शाखा<br>वडा कार्यालय<br>सुचना शाखा | १००.<br>२००.<br>२००.<br>५००.<br>१०० |
| १३. | पिडकका लागि | १. न्यायक समितिमा आएका पीडकहरुको | न्यायिक समितिमा आएका पिडकहरुको | पिडकहरुको सूचि र सेवा | २ वर्षभित्र | न्यायिक | कानुन | २००. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १३. | पिडकका लागि मनोविमर्श सेवा र जनचेतनामूलक कार्यक्रम | १. न्यायक समितिमा आएका पीडकहरुको विश्लेषण गरी समूह बनाउने ।<br>२.पीडकहरुको लागि मनोविमर्शी सेवा प्रदान गर्ने । | न्यायिक समितिमा आएका पिडकहरुको विवरण तयार भएको र सचेतीकरण कार्यक्रम र मनोविमर्शी सेवा संचालन गरिएको ।<br>मनोविमर्शकर्ताहरुको सेवा उपलब्ध भएको | पिडकहरुको सूचि र सेवा प्राप्तिको विवरण | २ वर्षभित्र | न्यायिक समिति सचिवालय | कानुन न्याय तथा मानव अधिकार प्रवर्द्धन शाखा | २००. |
| १४ | "हरेक घर सुरक्षित घर" अभियान संचालन गर्ने । | १. घर-परिवार र टोल तहमा सचेतना अभिमुखीकरण कार्यक्रम संचालन गर्ने ।<br>२. घर-परिवार र टोलका सूचकहरु निर्माण र निगरानी समूह परिचालन गर्ने ।<br>३. उत्कृष्ट घर-परिवार र टोललाई पुरस्कृत गर्ने व्यवस्था मिलाउने । | सचेतीकरण कार्यक्रम संचालन भएको ।<br>धर-परिवार, तह र टोलका सूचकहरु निर्माण भएको, निगरानी समूहलाइ परिचालन गरिएको ।<br>उत्कृष्ट घर परिवार र टोललाई पुरस्कृत गर्ने । | स्थलगत अललोकन तथा विवरण<br>पुरस्कृत घर टोलको विवरण | २ वर्षभित्र<br>३ वर्षभित्र<br>३ वर्षभित्र | सामाजिक परिचालन तथा गैसस समन्वय<br>सा.वि. | संघसंस्था<br>वडा समन्वय समिति<br>वडा कार्यालय | २००.<br>५००.<br>३००. |
| १५ | शिक्षक , विद्यार्थी, स्थानीय समुदाय र निजि क्षेत्रको संलग्नतामा लैंगिक हिंसा विरुद्व चेतनामूलक कार्यक्रम संचालन | १. हरेक "School / college" मा पहिचान नखुलाई गुनासो गर्न मिल्ने संयन्त्र निर्माण गर्ने ।<br>२. शिक्षकहरुलाई लैंगिक समानता संवन्धि तालिम प्रदान गर्ने ।<br>३. छात्र-छात्राका लागि छुट्टा-छुट्टै शौचालयको व्यवस्था गरि छात्राको लागि सेनेटरी प्याडको व्यवस्था मिलाउने ।<br>४. सार्वजनिक शौचालयहरु लैंगिक मैत्री बनाउने ।<br>५. सार्वजनिक शौचालयहरुमा बच्चाको कपडा फेर्ने, स्तनपान गराउन मिल्ने व्यवस्था गर्ने । | ८० प्रतिशत भन्दा बढी विद्यालय तथा कलेजहरुमा गुनासो गर्ने संयन्त्र निर्माण भएको हुनेछ ।<br>सम्पर्क शिक्षकलाई तालिम प्रदान भएको ।<br>छात्रामैत्री शौचालय अभियान संचालन भएको ।<br>लैगिक सम्पर्क व्यक्तिको व्यवस्था भएको ।<br>सार्वजनिक शौचालय निर्माण गर्दा लैंगिक मैत्री बनाउने । | विद्यालयमा गुनासो पेटिकाको प्रयोग<br>लैगिक फोकल व्यक्ति तोकिएको<br>विद्यालय व्यवस्थापन समितिको निर्णय<br>लैगिंक मैत्री शौचालय<br>स्थलगत अवलोकन | २ वर्षभित्र<br>२ वर्षभित्र<br>प्रत्येक वर्ष<br>१ वर्ष भित्र<br>४ वर्षभित्र | शिक्षा विकास शाखा<br>सा.वि.शाखयोजना<br>.<br>योजना पूर्वाधार शाखा | विद्यालयहरु<br>शिक्षा सा.वि.<br>शिक्षा<br>वडा कार्यालय | २००.<br>१००.<br>१०००. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १६ | लैंगिक हिंसा सम्बन्धि मुद्दाहरुलाई सँबोधन गर्न उपयुक्त वातावरण निर्माण गर्ने । | १. प्रहरी कार्यालयमा महिला तथा बालबालिका शाखाको स्तरोन्नति गर्ने ।<br>२. महिला नगर प्रहरीको व्यवस्था गर्ने ।<br>३.सामुदायिक मेलमिलाप र न्यायिक समितिलाई लैंगिक हिंसा संवन्धि विषयमा संवेदनशील वनाउने ।<br>४. पालिकामा महिला तथा वालवालिका शाखालाई व्यवस्थित गर्ने ।<br>५.सवै संघसंस्थाहरु र कार्यालयहरुमा महिला कामदारका सुझाव, समस्या, सुनुवाई सम्वोधन | प्रहरी कार्यालयमा महिला तथा वालवालिका शाखाको स्तरोन्नति गरिएको हुनेछ ।<br>महिला नगर प्रहरीको व्यवस्था भएको हुनेछ ।<br>सामुदायिक मेल मिलाप र न्यायिक समितिलाइ लैंगिक संवेदनशील वनाएको हुनेछ ।<br>महिला तथा वालवालिका शाखा व्यवस्थित हुनेछ ।<br>सवै संघ संस्था र कार्यालयमा महिला कामदारका सुझाव समस्या सुनुवाई गर्ने | हिंसा सम्बन्धमा गुनासो सुनुवाई व्यवस्थापन कक्ष माइन्युटिङ्ग रजिष्टरहरु | २वर्षभित्र<br>३ वर्षभित्र<br>१ वर्ष<br>२ वर्षभित्र | सम्वन्धित प्रहरी कार्यालय<br>प्रशासन शाखा<br>म. तथा वा. शाखा<br>सामाजिक | सामाजिक विकास<br>नगर प्रहरी इकाइ<br>सामाजिक विकास गै स स | १००.<br>२००.<br>१००.<br>१००. |
| | | गर्न सम्पर्क व्यक्तिको व्यवस्था मिलाउने । | सम्पर्क व्यक्तिको व्यवस्था मिलाइएको हुनेछ । | | | विकास | | |
| १७ | हिंसा विरुद्धको कार्यक्रम कार्यान्यवन स्थितिको अनुगमन गर्ने । | १.अनुगमन संयन्त्रले अनुगमन गरी अवस्था विश्लेषणको प्रतिवेदन तयार गर्ने ।<br>२. प्रतिवेदन सार्वजनिक गर्ने । | अनुगमन समिति गठन भइ क्रियाशील रहेको ।<br>प्रतिवेदन सार्वजनिक भएको । | सार्वजनिक गरिएको प्रतिवेदन | प्रत्येक वर्ष | सामाजिक विकास | | ५००.<br>२००. |
| १८ | लैंगिक समानता र सचेतना अभिवृद्धि अभियानका लागि आवश्यक जनशक्ति तयार गर्ने | १. पालिकाभित्र महिला अधिकार, लैंगिक समानता, लैंगिक हिंसा विषयमा तालिम प्राप्त व्यक्तिहरुको सूचि तयार गर्ने ।<br>२. श्रोत व्यक्तिहरु तयार गर्ने ।<br>३. पालिका र सहयोगी निकायमा कर्मचारीहरुलाई तालिम प्रदान गर्ने | स्रोत व्यक्तिहरुको रोष्टर तयार भएको ।<br>स्रोत व्यक्तिहरुलाई अनुशिक्षण कार्यक्रम संचालन भएको । | तयारी रोष्टर | १ वर्षभित्र<br>२ वर्षभित्र | सामाजिक परिचालन तथा गैसस समन्वय शाखा | गैससहरु | २००.<br>३००. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९ | विशेष अवस्थामा रहेका महिलाहरुको मानव अधिकार सुनिश्चित गर्ने । | १. पालिकाभित्र सामाजिक सुरक्षा प्राप्त गर्ने महिलाको सूचि अद्यावधिक गर्ने<br>२. हरेक टोल विकास संस्थाबाट सामाजिक सुरक्षा सहयोग आवश्यक पर्ने महिलाको तथ्यांक संकलन गर्ने ।<br>३. नगरपालिकामा रहेका सबै संस्थागत विद्यालयसंग संयोजन गरी जोखिममा रहेका छात्र-छात्राहरुलाई आवश्यक छात्रवृत्तिको व्यवस्था गर्ने ।<br>५. अपागंता भएका महिलाका लागि विशेष कार्यक्रम संचालन गर्ने । | सामाजिक सुरक्षा प्राप्त गर्ने महिलाहरुको सूचि अध्यावधि भएको ।<br>सबै टोल निगरानी समूहलाई परिचालन गरिएको ।<br>आवश्यकतानुसार छात्रवृत्ति वितरण गरिएको हुनेछ ।<br>अपागंता महिलाका लागि सीप विकास तालिम लगायतका कार्यक्रम संचालन हुने | तयारी सूचि<br>छात्रवृत्ति वितरण भएको वितरण<br>तालिम कार्यक्रमको विवरण | १ वर्षभित्र<br>२ वर्षभित्र<br>३ वर्षभित्र | सामाजिक सरक्षा तथा पजिंकरण , सामाजिक परिचालन तथा गैसस समन्वय शाखा<br>शिक्षा शाखा | वडा कार्यालय, गैसस<br>विद्यालयहरु | १००.<br>५००. |
| २० | उपमहानगर भित्ररहेका संघ संस्था कार्यालय, उद्योग, व्याबसायिक प्रतिष्ठानहरुमा लैंगिक नीति निर्माण गर्ने | १.उपमहानगरभित्र रहेका हरेक कार्यालय तथा व्यवसाय उद्योगहरुमा लैंगिक संम्पर्क व्यक्तिको व्यवस्था गर्ने ।<br>२. प्रतिष्ठानहरुमा शिशु स्याहार केन्द्रको व्यवस्था गर्न लगाउने ।<br>३.कानुन अनुसार तोकेको सुत्केरी बिदा अनिवार्य कार्यान्वयन गर्ने ।<br>४.कार्यालय/संस्थामा लैंगिक तथा समावेशी वजेट निर्माण र परिक्षणका लागि प्रोत्साहन गर्ने । | कार्यालय तथा व्यवसायहरुमा लैंगिक सम्पर्क व्यक्ति तोक्ने र शिशु स्याहार केन्द्र व्यवस्थाका लागि अपिल गर्ने ।<br>सबै प्रतिष्ठानहरुमा कानुन अनुसार सुत्केरी विदा उपलब्ध गराइएको ।<br>कार्यालय तथा संघ संस्थाहरुलाई लैंगिक तथा समावेशी वजेट परीक्षणका लागि तालिम प्रदान गरी अभिप्रेरित गरिएको । | अपिल गरिएको सूचना अपिलहरु<br>संघसंस्थामा भएकाके लैंगिक परीक्षण प्रतिवेदन<br>निर्माण भएका स्तनपान कक्षहरु । | १ वर्षभित्र<br>२ वर्षभित्र<br>२ वर्षभित्र | सामाजिक विकास<br>महिला तथा बालबालिका सामाजिक विकास<br>सामाजिक विकास | संघ संस्था<br>संघ संस्था | २००. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१ | उपमहानगमा लैगिंक उत्तरदायी बजेट निर्माण गरी कार्यान्वयनमा ल्याउने | १. वडा तह र पालिका तहको योजनामा लैगिंक मुलप्रवाहीकरण लैगिंक उत्तरदायी बजेट सम्बन्धी तालिमको आयोजना गर्ने ।<br>२. पालिकामा लैगिंक बजेट परीक्षण तथा विश्लेषण गर्ने । | लैगिंक मूलप्रवाहीकरण तथा लैगिकं उत्तरदायी बजेट निर्माण भएको ।<br>लैगिंक बजेट विष्लेषण र परिक्षण गरिएको । | प्रतिवेदन/अभिलेख | २ वर्षभित्र | महिला तथा वालबालिका शाखा | संघसंस्था | २००. |
| २२ | लैगिक हिसा पीडितहरुका लागि हौसला अभियान | १.शिक्षक साथीहरुलाई परिचालन गर्ने ।<br>२.आत्मनिर्भर हुने खालका तालिम संचालन गर्ने । | साथी शिक्षकलाई परिचालन गरी हिंसा पिडितलाई हौसला प्रदान गरिएको र आत्मनिर्भर हुने तालिममा सहभागी गराइएको । | विवरण/अभिलेख | २ वर्षभित्र | सामाजिक विकास | संघ संस्था | ५००. |
| २३ | सूचना तथा प्रचार | हवाई पत्र ,पर्चा पंम्पप्लेट बितरण<br>होडिङ् बोर्ड निर्माण<br>रेडियो टि.भि.कार्यक्रम र सूचना संप्रेषण गर्ने | बिभिन्न माध्यमवाट सूचना संप्रेषण भएको अवस्था हुने । | प्रतिवेदन र विवरण | २ वर्षभित्र | सामाजिक विकास | संचार क्षेत्र | २००. |
| २४ | सुरक्षा कार्यक्रम | १.लैगिक हिंसा निवारण कोषको स्थापना गरि परिचालन गर्ने<br>२.हिंसा प्रभावितहरुका लागि अल्पकालीन र दीर्घकालीन सुरक्षा आवासको संचालन गर्ने ।<br>३.लैगिक हिंसावाट वंच्न प्रतिरक्षा तालिम प्रदान गर्ने । (किशारी र छात्रा)<br>४.हिंसा निगरानी क्लव तथा समूह निर्माण गरी कियाशील वनाउने ।<br>५.जीविकोपार्जनका लागि सीपमूलक तालिम संचालन गर्ने ।<br>६.फ्रि हटलाइन फोन सेवा संचालन गर्ने ।<br>७. हिंसावाट सुरक्षाका लागि मोवाइल एप्सको निर्माण गर्ने ।<br>८. संघ संस्था र सवै वडा कार्यालयमा गोप्य उजुरी पेटिकाको व्यवस्था गर्ने । | कोषको नियमावली/मापदण्ड तयार भएको हुने ।<br>संघ संस्था परिचालनगरी अल्पकालीन सुरक्षा आवास संचालन भएको ।<br>दीर्घकालीन समाधानका लागि ठोस कार्यक्रम तय भएको ।<br>तालिम संचालन भएको र निगरानी क्लव समूहको गठन र परिचालन भएको<br>सीपमूलक तालिम उपलब्ध गराएको हुने ।<br>फ्रि हटलाइन सेवाको संचालन भएको<br>मोवाइल एप्सको निर्माण र प्रयोग भएको ।<br>संघ संस्था कार्यालयहरुमा लेगिक विषयमा गोप्य उजुरी पेटिकाको व्यवस्था भएको । | सुरक्षित आवास गृह<br>गठित निगरानी समुह<br>तालीम प्राप्त सहभागी<br>हटलाइन सेवा बाट पाएका सेवाहरुको दस्तावेज<br>संघ संस्थामा गोप्य उजुरी पेटिका | १ वर्षभित्र<br>२ वर्षभित्र<br>२ वर्षभित्र<br>३ वर्षभित्र<br>४ वर्षभित्र<br>३ वर्षभित्र | सामाजिक विकास<br>सामाजिक विकास<br>सामाजिक विकास<br>सामाजिक विकास<br>सूचना शाखा<br>संघसंस्थाहरु | संघ संध<br>संघ संस्था<br>संघ संस्था<br>संघसंस्था<br>सामीजिक विकास<br>सामाजिक विकास | ८००.<br>३००.<br>३००.<br>३००.<br>३००.<br>२००.<br>२००. |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २५ | श्रमिक महिलामैत्री वातावरण वनाउने | १. श्रमिकहरुका लागि बिश्राम कक्षको स्थापना गर्ने ।<br>२. शिसु स्याहार केन्द्र तथा डे केयरको निर्माण गर्ने । | विश्रामकक्षको स्थापना गर्न प्रोत्साहन गरिएको ।<br>आवश्यकतानुसार विभिन्न क्षेत्रमा शिशु स्याहार केन्द्र संचालन भएको । | स्थलगत अवलोकन<br>प्रतिवेदन र स्थलगत अवलोकन | २ वर्षभित्र | संघ संस्थाहरु | शिक्षा शाखा सामाजिक | ५००. |
| २६ | लैंगिकमैत्री पूर्वाधार निर्माण | १. सरकारी सार्वजनिक सामुदायिक संघ संस्था र प्रतिष्ठानका संरचनाहरु अनिवार्य रुपमा | लैंगिकमैत्री संरचना निर्माणमा प्राथमिकता दिइएको । | प्रतिवेदन | ३ वर्षभित्र | योजना शाखा | | ३००. |
| | | लैङ्गिकमैत्री निर्माण गर्ने ।<br>२.नीजि संरचनाहरु लैंगिकमैत्री वनाउन प्रेरित गर्ने ।<br>३. हरेक सरकारी अस्पताल, प्रहरी र हेल्थपोष्टहरुमा लैङ्गिक हिंसा पीडितहरुको लागि एकद्धार संकट व्यवस्थापन प्रणाली लागु गर्ने । | नीजि संरचनाहरुलाई प्रोत्साहन गर्ने ।<br>एकद्धार संकट व्यवस्थापन केन्द्र स्थापना भइ संचालनमा आएको हुने । | स्थलगत अवलोकन<br>संघ संस्थाको प्रतिवेदन रजिष्टर | १ वर्षभित्र<br>३ वर्षभित्र | सामाजिक विकास<br>न्यायिक समिति | संघसंस्था<br>संघसंस्था | ७००.<br>२००. |
| २७ | विविध | कानुनी साक्षरता कार्यक्रम संचालन गर्ने । | सरकारी निकाय तथा गैससबाट महिला तथा बालबालिकासम्बन्धी कानुनी सचेतना कार्यक्रम संचालन भएको हुने । | उपस्थित रजिष्टर, प्रतिवेदन | १ वर्षभित्र | कानुन न्याय तथा मानवअधिकार प्रवर्द्धन शाखा | महिला तथा बालबालि का शाखा | १०००. |
| | | गर्भवती महिलाको सुरक्षा, स्याहार तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित हुने कार्यक्रम कार्यान्वयन गर्ने । | गर्भवती तथा सुत्केरी भेट कायक्रमहरु संचालन भएको हुने छ। | कार्यक्रम संचालन प्रतिवेदन, सरोकारवालासंगको भेट तथा स्थलगत अवलोकन | १ वर्षभित्र | स्वास्थ्य शाखा | शहरी स्वास्थ्य केन्द्रहरु | २०००. |
| | | | | | | | | |

# परिच्छेद. ५

## ५.१ कार्यान्वयन संरचना :

लैंगिक हिंसामुक्त बुटवल निर्माण गर्न प्रस्तुत रणनीतिक कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गर्न देहाय वमोजिमका संरचनाहरु गठन गरिनेछ।

### ५.१.१ सल्लाहकार समिति :

बुटवल उपमहानगरपालिकाका प्रमुखको संयोजकत्वमा विभिन्न राजनीतिक दलका महिला प्रतिनिधि, विज्ञ, महिला मानवअधिकार रक्षक तथा मानवअधिकारकर्मीहरु मध्ये बुटवल उप-महानगरपालिकाद्वारा मनोनयन गरिएका ब्यक्तिहरु सम्मिलित एक सल्लाहकार समिति रहनेछ।

### ५.१.२ लैङ्गिक हिंसामुक्त वुटवल नगर समन्वय समिति :

देहाय वमोजिमको नगर समन्वय समिति रहनेछ।

| | |
|---|---|
| १) उप-प्रमुख | - संयोजक |
| २)प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| ३) संयोजक, सामाजिक विकास समिति | - सदस्य |
| ४) इलाका प्रशासन कार्यालय प्रमुख | - सदस्य |
| ५) इलाका प्रहरी कार्यालय प्रमुख | - सदस्य |
| ६) राष्ट्रिय मानव अधिकार आयोगको प्रतिनिधि | - सदस्य |
| ७) नेपाल पत्रकार महासंघ रुपन्देही अध्यक्ष | - सदस्य |
| ८) गै.स.स. महासंघ रुपन्देही अध्यक्ष | - सदस्य |
| ९) संयोजकद्वारा मनोनित एक महिलासहित २ जना | - सदस्य |
| १०) संवन्धित महाशाखा प्रमुख | - सदस्य सचिव |

समितिको वैठक २/२ महिनामा वस्नेछ। संयोजकले आवश्यकता अनुसार बैठक आव्हान गर्न सक्नेछ, समितिले आफ्नो वैठक संचालन संवन्धि कार्यविधि आफै व्यवस्था गर्नेछ।

**समितिको मुख्य कार्य:**

क) लैङ्गिक हिंसा मुक्त रणनीतिक कार्ययोजनाको कार्यान्वयन, समन्वय र सहजीकरण गर्ने।

ख) रणनितिक कार्ययोजना कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्थापन गर्ने ।

ग) सरोकारवाला निकाय र पक्षसँग आवश्यक समन्वय गर्ने ।

घ) कार्ययोजना कार्यान्वयनमा आवश्यक निर्देशन दिने, अनुगमन निरीक्षण गर्ने ।

ङ) कार्ययोजनाको वार्षिक, मध्यावधि समीक्षा गर्ने ।

च) वडास्तरीय लैङ्गिक हिंसामुक्त समिति, समुदायस्तरमा निगरानी समूहलाई आवश्यकता अनुसार परिचालन गर्ने ।

छ) लैङ्गिक हिंसा निवारण कोषको स्थापना तथा ब्यवस्थापन गर्ने ।

ज) प्रभावितहरुको उद्दार, पुनर्स्थापनामा सहयोग, समन्वय र सम्प्रेषण गर्ने ।

झ) विभिन्न सरोकारवाला सम्मिलित तेस्रो पक्षवाट अनुगमन र मूल्यांकन गराई सुझाव लिई कार्यान्वयनमा लैजाने ।

## ५.१.३ वडास्तरीय समिति

| | |
|---|---|
| १. वडाध्यक्ष | - संयोजक |
| २.निर्वाचित वडा सदस्य एक महिलासहित(२ जना) | - सदस्य |
| ३.टोल विकास संस्थाका अध्यक्षहरु मध्येवाट १ महिला सहित २ जना | - सदस्य |
| ४.विद्यालयका प्र.अ. मध्ये १जना | - सदस्य |
| ५.क्लव, आमा समूह,सामुदायिक संस्थामध्ये ३ जना | - सदस्य |
| ६.स्थानीय प्रहरी कार्यालय प्रतिनिधि | - सदस्य |
| ७.वडा सचिव | - सदस्य सचिव |

नोटः उपरोक्त समितिको गठन वडा कार्यालयबाट गरिनेछ। बैठकको व्यवस्थापन वडा समितिबाट गरिनेछ।

समितिको वैठक २/२ महिनामा वस्नेछ तर संयोजकले आवश्यकता अनुसार बैठक बोलाउन सक्नेछ। समितिले आफ्नो वैठक संचालन संवन्धि कार्यविधि आफै व्यवस्था गर्नेछ।

## समितिको मुख्य कार्यः

क) लैङ्गिक हिंसामुक्त बुटवल कार्ययोजना कार्यान्वयन गर्न वडास्तरमा समन्वय र सहजीकरण गर्ने ।

ख) सरोकारवालासंग आवश्यक समन्वय गर्ने ।

ग) कार्ययोजना कार्यान्वयनमा आवश्यक सुझाव लिने दिने, वडास्तरमा अनुगमन निरीक्षण गर्ने ।

घ) समुदायस्तरीय निगरानी समूहलाई परिचालन गर्ने र आवश्यक निर्देशन दिने ।

ङ) प्रभावितहरुको उद्दार, पुनर्स्थापनामा सहयोग, समन्वय र सम्प्रेषण ।

च) घटनाहरुको/अवस्था प्रतिवेदन तयार गरी नगर समन्वय समितिमा पठाउने ।

## ५.१.४ टोल निगरानी समूह

| | |
|---|---|
| १. टोल विकास संस्थाका अध्यक्ष | –संयोजक |
| २. टोल विकास संस्थाका महिला पदाधिकारी मध्ये २ जना | –सदस्य |
| ३. टोलभित्रका ज्येष्ठ नागरिक सदस्य मध्ये १ जना | –सदस्य |
| ४.टोलभित्र क्रियाशील समूह,क्लवका अध्यक्ष वा प्रतिनिधि १ जना | –सदस्य |
| ५. टोल विकास संस्थाको सचिव | –सदस्य सचिव |

नोट : उपरोक्त समितिको गठन टोल विकास संस्थाबाट गरिनेछ।

समूहको बैठक दुई महिनाको एकपटक वस्नेछ। बैठक संचालनका लागि आवश्यक व्यवस्थापन संवन्धित टोल विकास संस्थाबाट हुनेछ।

### समूहको मुख्य कार्य :

क) लैङ्गिक हिंसामुक्त बुटवल कार्ययोजना कार्यान्वयनमा सहयोग गर्ने ।

ख) बुटवल उपमहानगरपालिका, वडा कार्यालय र अन्य सरोकार निकायसंग आवश्यक समन्वय गर्ने ।

ग) घटनाको सम्भाव्य, समूह, स्थानहरुको पहिचान गर्ने

घ) कार्ययोजना कार्यान्वयनमा आवश्यक सुझाव लिने दिने, समुदायस्तरमा अनुगमन निरीक्षण गर्ने ।

ङ) टोल/समुदायवासीलाई परिचालन गरी लैङ्गिकहिंसा बिरुद्धका अभियान सञ्चालन गर्ने ।

च) प्रभावितहरुको आकस्मीक उद्धार, पुनर्स्थापनामा सहयोग, समन्वय, र सुचना सम्प्रेषण गर्ने । घटना अवस्थाको प्रतिवेदन वडास्तरिय समितिमा पठाउने ।

# परिच्छेद ६

## ६.१. अनुगमन तथा मूल्यांकन

६.१.१ समन्वय समितिले कार्ययोजना कार्यान्वयनको नियमित अनुगमन, वार्षिक, मध्यावधि र अन्तिम समीक्षा तथा मूल्यांकन गर्नेछ।

६.१.२विभिन्न पक्षहरु सम्मिलित तेस्रो पक्षवाट समेत अनुगमन र मूल्यांकन गराई सुझाव लिन सकिनेछ।

६.१.३वडास्तरमा कार्ययोजना कार्यान्वयनको अनुगमन र मूल्यांकन वडास्तरीय समितिवाट हुनेछ।

# परिच्छेद ७
## विविध

### ७.१. प्रतिवद्धता

जिम्मेवार निकायहरु, सहयोग निकायहरु, सरोकारवाला तथा नगरवासीको उपस्थितिमा विशेष समारोहको आयोजना गरि कार्ययोजना कार्यान्वयनका लागि तपशिल वमोजिम एकल तथा सामूहिक प्रतिवद्धता जाहेर गरिनेछ।

### लैंगिक हिंसामुक्त बुटवल सम्वन्धी साझा प्रतिवद्धता :

१. नेपाल पक्ष राष्ट्र भएका मानवीय कानून, सन्धि सम्झौता, घोषणा पत्रहरु , नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को पालना र कार्यान्वयन गरिनेछ।

२. नगरका समग्र कार्यक्रम सञ्चालन र ऐन, नीति तथा कार्यविधि निर्माणगर्दा लैंगिक संवेदनशीलतालाई ध्यान दिइनेछ। संघीय र प्रदेश सरकारले अघि सारेका नीति, कार्यक्रम र अभियानलाई स्थानीयकरण गर्न सक्रिय सहकार्य र साझेदारी गरिनेछ ।

३. महिला मानव अधिकारभित्र पर्ने प्रजनन् स्वास्थको अधिकार सुनिश्चत गरिनेछ।

४. भौतिक संरचनाहरु लैगिक मैत्री वनाइनेछ र पूर्व निर्मित संरचनालाई क्रमशः सुधार गरिदै लगिनेछ।

५. लैगिक हिंसामुक्त नगर निर्माणका लागि सवै राजनीतिक दल, न्यायिक निकाय, सरकारी कार्यालय ,नागरिक समाज, नीजि क्षेत्र, संघ संस्था, क्लव, सामाजिक अगुवाहरु, टोल विकास संस्था, सामुदायिक, धार्मिक, सांस्कृतिक, संचार क्षेत्र लगायतका सवै क्षेत्रवाट आ–आफ्नो दायित्व वहन गरिनेछ।

# अनुसूचिः १

## अवस्था विश्लेषण

**वर्तमान अवस्था** : सरोकारवालाहरुसंगको अन्तर्क्रिया, प्राप्त सुझाव समेतका आधारमा बुटवल उप-महानगरपालिकाको लैङ्गिक अवस्था विश्लेषण निम्न अनुसार गरिएको छ।

क) घरपरिवार : घरायसी काममा पुरुषको सहभागिता कम रहेकोले महिलालाई प्रायः भान्सा, सरसफाई, पूजापाठ आदिमा सीमित गरिएको छ। घरवाहिर काम हुने महिलालाई कार्यवोझका हिसावले दोहोरो तेहरो जिम्मेवारी छ।

ख) सामाजिक सहभागिता : बुटवल उप महानगरपालिकाका विभिन्न समूह/सञ्जाल/समितिहरुमा महिलाको संख्या उल्लेख्य रहेपनि निर्णायक भूमिकामा नगण्य सहभागिता छ।

ग) शिक्षा : उपमहानगरपालिका पूर्ण साक्षरता घोषणा भएपनि महिलाको ठूलो पंक्ति साक्षरतामै सीमित छ।

घ) रोजगार/स्वरोजगार/उद्यमता :

- नीजि विद्यालय : साना कक्षाहरुमा महिलाको सहभागिता वढी पुरुषको कम।
- सरकारी विद्यालयः सरकारले निर्धारण गरेको कोटामा पनि महिला शिक्षकको सहभागिता नरहेको।
- बैंकः दर्ता-चलानी, रिसेप्सन तथा काउण्टरमा मात्रै महिला सहभागिता रहेको, अन्यमा नगन्य रहेको ।
- उद्योग :वुटवल क्षेत्रका करिव ८०० उद्योगहरुमध्ये महिलाद्वारा सञ्चालित उद्योग ५० को हाराहारीमा मात्रै छ। महिला प्रमुख रहेको उद्योगको व्यवस्थापन र नियन्त्रण पनि प्रायः पुरुषकै हातमा छ।
- निर्माणको क्षेत्र : दैनिक ज्यालादारी मजदुरीमा महिला वढी छन्। समान कामको असमान ज्याला र महिलाले आर्जन गरेको ज्यालामा पनि पुरुषको नियन्त्रण वढी छ।

ङ) सरोकारवालाको व्यवहार :

- महिलाको नेत्तृत्व स्वीकार्न गाह्रो मान्ने प्रवृत्ति।
- महिलाद्वारा सञ्चालित कार्यक्रममा पुरुष सहभागि हुन नखोज्ने र हस्तक्षेप समेत रहने ।

च) उत्पादनमा सहभागिता :

उत्पादनमा महिला सहभागिता उच्च छ तर सम्मानजनक वातावरण छैन भने पुरुषवाट वढि नियन्त्रित छ।

छ) राजनीतिक सहभागिता :

- राजनीतिमा महिला सहभागिता न्यून छ। तर,मतदाता सहयोगीको रुपमा वढी परिचालित छ।
- निर्वाचनमा मत माग्न र आन्दोलनको अगुवाइमा महिला रहेपनि राजनीतिक नेतृत्वमा महिलाको संख्या न्यून छ।
- राजनीतिक नियुक्ति तथा कोटामा महिलालाई स्थान दिने प्रचलन न्यून छ।
- कार्यक्रम तय गर्दा महिलाको समयलाई अनुकूल हुने समयलाई वास्ता गरिदैन।
- घरायसी काममा पुरुष सहभागि कम हुँदा महिलाहरु कार्यक्रममा सजिलै सहभागि हुन नसक्नु।

ज) बुटवल उपमहानगरभित्र योजना निर्माण प्रक्रियामा महिलाहरुको सहभागिता

- टोलस्तरमा महिलाको सहभागिता भएपनि वडा भेलामा महिलाको अपेक्षित अर्थपूर्णसहभागिता हुन सकेको छैन।
- वडास्तरमा योजना छनौट वा निर्णय प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागिता न्यून छ।
- योजना तर्जुमा तह र प्रक्रियामा महिला सहभागि गराइए पनि पहुँच वा सुनुवाई न्यून छ।
- विकास र योजना पद्धति सम्वन्धमा महिलालाई प्राथमिकतामा राखी तालिमको अवसर कम छ।

## अनुसूचि: २

### अवलम्वन गरिने कार्य-नीतिहरु:

- लैङ्गिक विभेदमा पारिएका समुहहरु जस्तैः महिला, बालबालिका, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, असक्त, असहायलाई प्राथमिकतामा राख्ने।
- लैङ्गिक दृष्टिकोणले अत्यावश्यक ठानिएका योजनाहरुलाई प्राथमिकता दिने।
- सार्वजनिक स्थान तथा कार्यस्थलमा हुने हिंसा न्यूनीकरणका लागि विशेष अभियान सञ्चालन गर्ने।

- जोखिममा परेकालाई आयआर्जनमा पहुँच वढाउने खालका कार्यक्रम सञ्चालन गर्ने ।
- लैङ्गिकमैत्री शव्दावलीको प्रयोग गर्ने ।
- लैङ्गिक मैत्री कार्यनीति अपनाएका संघ संस्थाहरुलाई प्रोत्साहन दिने र उत्तम प्रयासहरु (Best Practice) लाई सार्वजनिक गर्ने ।
- पारिवारिक तथा सामाजिक निर्णय प्रक्रियालाई लैङ्गिकमैत्री बनाउने । साथै व्यक्तिगत सम्पत्ति संचय तथा परिचालनमा लैङ्गिकमैत्री हुने वातावरण निर्माण गर्ने ।
- सार्वजनिक सवारी साधनलाई लैङ्गिकमैत्री वनाउने ।
- लैगिंक हिंसाबाट प्रचावितलाई एकीकृत सेवा प्रदान गर्ने ।

## अनुसूचिः ३

## लैङ्गिकमैत्री नगर निर्माणका आधारहरु :

- शिक्षामा समानता (पूर्ण साक्षरता) ।
- निर्णायक तहमा समावेशी सहभागिता (टोल, समुदाय, संघ संस्था, राजनीतिकदल आदि) ।
- कार्यालय, घरपरिवार, टोल समुदायमा महिलामैत्री व्यवहार, लैङ्गिकमैत्री शव्दावलीको प्रयोग ।
- सरोकारवाला निकाय लैंगिक असमानता अन्त्य गर्न क्रियाशील ।
- लैङ्गिक मैत्री संरचना निर्माण (शौचालय, घर, स्कुल, सरकारी तथा गैरसरकारी क्षेत्र) ।
- सार्वजनिक यातायातमा आरक्षित सिटको व्यवहारिक कार्यान्वयनको अभ्यास ।
- प्रमुख सेवाप्रदायक निकायहरु जस्तैः(पुलिस, स्वास्थ्य संस्था, न्यायालय, न्यायिक समिति) मा महिलामैत्री कक्षको व्यवस्था ।
- कार्यान्वयन तहमा निरन्तर पहलको सुनिश्चितता : (लैङ्गिकमैत्रीनगर बन्नका लागि बनाइएका नीति तथा संरचना र योजनाहरु कार्यान्वययन गर्न नियमित अनुगमन, मूल्यांकन, पुरस्कार र दण्डको व्यवस्था) ।
- योजना निर्माणका सवै चरणमा समानुपातिक सहभागिताको सुनिश्चितता ।
- अवस्था विश्लेषणवाट देखिएका सूचांकहरुको आधारमा कार्यक्रम निर्माण र संचालन ।

## अनुसूचि:४

## कार्ययोजनाको जोखिम पक्ष (चुनौतीहरु)

- ज्ञान र बुझाइ भएको व्यक्तिबाट सकारात्मक पहल र सक्रियता कम हुनु ।
- पुरुष प्रधान सोंच र प्रवृतिका कारण वुझाइ, मूल्य मान्यता र धारणामा परिवर्तन गर्न कठिन देखिएको ।
- कानूनतः महिला सहभागिता भएपनि अर्थपूर्ण सहभागिता न्यून हुने अवस्था ।
- शिक्षाको कमी तथा चेतनास्तरमा एकरुपता कम हुनु ।
- नीति तथा ऐन कानूनहरुको प्रभावकारी कार्यान्वयन ।
- लैंङ्गिक नीति र सवाललाई महिलाको मात्र हो भन्ने आम बुझाई ।
- लैंङ्गिक हिंसाका घटना भावनात्मक हुने हुँदा स्पष्ट प्रमाण नहुने भएकोले पहिचानमा समस्या ।
- उच्च पदस्थ, सम्पन्न, पहुंचवालाहरुको सन्दर्भमा निमुखा पीडितहरुको आवाज नसुनिने र न्याय निरुपणमा कठिनाई ।
- कुरीती, अन्धविश्वास, हानिकारक अभ्यास, रुढीवादिता र गलत संस्कार परिवर्तनमा चुनौती ।
- वसाइ सराइ र उच्च जनघनत्व ।

## अनुसूचि:५

## लैंगिक हिंसामुक्त बुटवलको नीति

- लैंगिक हिंसामा शून्य सहनशीलता ।
- हरेक क्षेत्रका संघ संस्था, समूह, समिति, संगठनहरुमा अर्थपूर्ण प्रतिनिधित्व रहने गरी कम्तिमा ३३ प्रतिशत महिला सहभागिता ।
- सार्वजनिक, सामुदायिक तथा नीजि क्षेत्रका भौतिक संरचनाको निर्माण गर्दा लैगिकमैत्री बनाइने ।
- शिशुस्याहार केन्द्र, बालविकास केन्द्र तथा विद्यालयका शिशु कक्षाहरुलाई लैंगिकमैत्री ब्यवहार प्रबर्द्धन गर्ने खालका क्रियाकलाप तथा पाठ्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- ब्यवसायिक संघसंस्था, उद्योग, कलकारखाना एवं व्यापारिक प्रतिष्ठानहरुमा लैङ्गिक नीति वनाई लैंगिक मैत्री ब्यवहार गरिने ।
- लैंगिक हिंसा पडित तथा प्रभावितहरुलाई उचित सुरक्षा र न्यायको ब्यवस्था गरिने ।

- लैगिक हिंसा बिरुद्ध क्रियाशील संघ संस्था तथा कार्यालयहरुवीच सहकार्य गर्ने नीति ।
- एकल महिलाहरुको समाजिक सुरक्षा, न्याय, रोजगारी तथा उद्यम सिर्जना गर्ने कार्यलाई प्राथमिकता ।
- सामुहिक उद्यमी तथा महिला उद्यमशिलता कार्यक्रमलाई प्रोत्साहन ।
- धार्मिक कार्यक्रमहरुमा आस्था अनुसारका धर्मग्रन्थ पाठ गर्ने महिला पण्डितहरुलाई सम्मान गरिने ।
- मठ मन्दिरहरुमा महिला पूजारीहरु राख्न प्रोत्साहन गरिने ।
- लैंगिकमैत्री नभएका धार्मिक क्रियाकलापहरुलाई परिमार्जन गर्ने कार्यमा सक्रिय नागरिकको सम्मान तथा प्रोत्साहित गरिने ।
- संचारक्षेत्रमा क्रियाशील महिला पत्रकाहरुको क्षमता विकासका साथै प्रोत्साहन गरिने ।
- समान कामको समान ज्यालालाई अनिवार्य गरिने ।
- लैंगिक हिंसाका कारण अलपत्र वालवालिका, महिलाहरुका लागि सुरक्षित आवास तथा पुनर्स्थापना केन्द्र स्थापना र संचालन, प्रवर्द्धन तथा स्तरोन्नतिमा समन्वय सहकार्य र साझेदारी गरिने ।
- संविधानले प्रदान गरेको लैंगिक पहिचानका आधारमा नागरिकता पाउने अधिकारलाई सहज गरिने ।
- स्वास्थ्य क्लिनिक, चौकी तथा प्रादेशक अस्पतालहरु, काउन्सिलिङ्. सेन्टरहरुमा एकद्वार प्रणालीलाई सूचारु गरिने ।
- हिंसा प्रभावितहरुका लागि न्यायिक सूचना प्रणालीमा एकद्धार नीति अवलम्बन गरिने ।
- नीजि संम्पत्ति पति पत्नी दुबैले सामुहिक स्वामित्वमा राख्न प्रोत्साहित गरिने ।
- छोराछोरीलाई समान रुपमा अध्ययन, अवसर र व्यवहार गर्ने गराउने कार्यमा सहजिकरण गर्ने ।
- किशोरीहरुका लागि आत्मरक्षाका विधिहरु अवलम्बन गर्ने ज्ञान सीप प्रदान गरिने ।
- महिला स्वास्थ्य स्वयम् सेवकहरुलाई कम्तिमा १० दिनको आधारभूत काउन्सिलिङ् कोर्षको ब्यवस्था गरिने ।
- हरेक क्षेत्रमा शिशु स्याहार कक्ष संचालन गर्न सहजिकरण गराईने ।
- बिज्ञापन, सूचना, फिल्म, डकुमेन्ट्री आदिमा महिलाको अंग प्रदर्शन तथा महिलालाई उपयोग गरेर नाफा कमाउने प्रबृत्तिलाई अन्त्य गरिने ।

- टोल विकास संस्था तहसम्म लैंगिक सचेतीकरण र लैंगिक अवस्था पहिचान सम्वन्धित कार्यक्रम संचालन गरिने ।
- लैंगिक अवस्थासँगै हिंसाको पहिचान, हिंसाको प्रकार कारण र निराकरणका उपायका विषयमा अन्तक्रिया, प्रशिक्षण अभियान संचालन गर्न सक्ने जनशक्ति तैयार गरिने ।
- हरेक निकायमा लैंगिक हिंसाका प्रकार र असरको बारेमा क्षमता अभिवृद्धि गरी लैंगिक हिंसामुक्त समिति निर्माण  गरी क्रियाशील गराउने पद्धति वसाइने ।

## अनुसूचिः ६

### जिम्मेवार तथा सरोकारवालाहरुः

१. बुटवल उप-महानगरपालिका
२. जन प्रतिनिधिहरु
३. राजनीतिक दल तथा भातृ संस्थाहरु
४. सामाजिक क्षेत्रका अगुवाहरु
५. शैक्षिक संस्थाहरु
६. मिडिया हाउस तथा संचारकर्मीहरु
७. उद्योगी, ब्यापारी र ब्यवसायीहरु
८. सुरक्षा निकायहरु
९. स्वास्थ्य सेवा सम्बद्ध संस्थाहरु
१०. धार्मिक संस्था र धर्मगुरुहरु
११. कानून ब्यावसायीहरु
१२. प्याप्सन, एन प्याप्सन
१३. उद्योग व्यापार सम्बद्ध संघसंस्थाहरु
१४. ट्रेड युनियनहरु
१५. यातायात ब्यवसायीहरु
१६ होटल तथा रेष्टुरेष्ट ब्यवसायीहरु
१७ सहकारीहरु
१८. महिला सम्बद्ध संस्थाहरु
१९. विभिन्न संप्रदाय/जातीय संस्थाहरु
२० सरकारी कार्यालयहरु
२१. स्थानीय क्लवहरु

# अनुसूचि: ७

## बैठक तथा निर्णयहरु

आज मिति २०७४।०४।२८ गते दिनको ३.०० बजे बुटवल उपमहानगरपालिकामा गठित लैङ्गिक हिंसामुक्त कार्यदलको बैठक कार्यदलका संयोजक एवं बुटवल उप-महानगरपालिकाका उपप्रमुख श्री गुमा देवी आचार्यको अध्यक्षतामा र निम्नानुसारको उपस्थितिमा बसियो।

उपस्थिति:

श्री गुमा देवी आचार्य उपप्रमुख - संयोजक
श्री थाम कुमारी थापा - सदस्य
श्री मधुकला कुँवर - सदस्य
श्री सुमित्रा शर्मा - सदस्य
श्री रिजन श्रेष्ठ - सदस्य
श्री ज्ञानु केसी - सदस्य
श्री इन्द्रिरा आचार्य - सदस्य
प्रतिनिधि महिला बालबालिका कार्यालय - सदस्य
श्री भुवा प्रसाद लुइटेल महाशाखा प्रमुख - सदस्य सचिव

आमन्त्रित

श्री सीता थापा संयोजक सामाजिक विकास समिति -
श्री दामोदर ज्ञवाली, व.अ. शाखा प्रमुख सामाजिक वि. शाखा
श्री टीका कुमारी भण्डारी शाखा अधिकृत

निर्णय नं. १.१ लैगिक मैत्री शहर वुटवल उपमहानगरको अभियानलाई सार्थक पार्न वुटवल उप महानगरपालिकाले गठन गरेको लैगिंक हिंसामुक्त कार्यदलको आजको पहिलो वैठकमा कार्यदलका संयोजक नगर उप प्रमुख श्री गुमा देवी आचार्यले सवै सदस्यहरुलाई हार्दिक स्वागत गर्नुभयो । कार्यदलका सदस्यहरुका विचमा परिचय र महिला हिंसाको अवस्था र हिंसा अन्त्यका लागि आ आफ्ना अनुभव तथा धारणा प्रस्तुत गर्दै छलफल गरियो ।

निर्णय नं.१.२

वुटवल उप महानगरपालिकालाई लैगिक हिंसामुक्त अवस्थामा पुर्‍याउन अंगिकार गर्नुपर्ने नीति तथा कार्यान्वयन कार्ययोजना निर्माण सम्वन्धमा कार्यदलका सदस्यहरुवाट आ आफ्ना धारणा राखियो । समस्याको पहिचान र सवल तथा कमजोर पक्षहरुको विश्लेषण गरी सूचक सहितको कार्ययोजना निर्माण गर्नुपर्ने भएकोले कार्यदलको आगामी वैठकमा आ आफ्ना धारणाहरु र सुझावहरु सहित थप छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं.१.३

वुटवल उप महानगरपालिकाको आ.व. ०७४।०७५ को वजेट नीति तथा कार्यक्रम तयारी भई रहेकोले लैगिक हिंसा मुक्त वुटवलका लागि कार्ययोजना निर्माण तथा कार्ययोजनामा समावेश हुने कार्यक्रमहरु संचालन गर्नका लागि आवश्यक वजेट विनियोजन गर्न र नीतिगत निर्णयका लागि वुटवल उप महानगरपालिका नगर कार्यपालिकामा अनुरोध गर्ने निर्णय गरियो ।

आज मिति २०७६/३/२४ गतेका दिन लैङ्गिक हिंसामुक्त बुटवल कार्ययोजना तर्जुमा गोष्ठी बुटवल उप-महानगरपालिकाका उप-प्रमुख एवं लैङ्गिक हिंसा मुक्त बुटवल कार्यदलका संयोजक श्री गुमादेवी आचार्यज्यूको अध्यक्षतामा एवं नगर प्रमुख श्री शिवराज सुवेदी ज्यू लगायतका विभिन्न सरोकारवालाहरुको उपस्थितिमा सम्पन्न भयो।

उपस्थिति :-

| सि.नं. | नामथर | पद / संस्था | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री गुमादेवी आचार्य | अध्यक्ष / उप प्रमुख | | |
| २. | श्री शिवराज सुवेदी | प्र.अ. / प्रमुख | | |
| ३. | श्री राजनकुमार खि.सी | वि.अ. / प्र.प्र.अ. | | |
| ४ | डा. रेणु अधिकारी | सहजकर्ता (विज्ञ) | | |
| ५. | श्री भुवन प्रसाद लुइँटेल | का.अ. | | |
| ६ | यादेन्द्र जीरेल | अध्यक्ष, पत्रकार महासंघ रुपन्देही | ९८४७०२२२१० | |
| ७, | श्री गणेशकान्त अधिकारी | अध्यक्ष रुपन्देही उद्योग संघ | [illegible] | |
| ८) | श्री [illegible] | अध्यक्ष - रुपन्देही व्यापार संघ | ९८५७०२६४०५ | |
| ९ | कृष्णप्रसाद अर्याल (AG) | AG Zone 19 Rotary district | 985702603 | |
| १० | यदुनाथ पाण्डे | केन्द्राध्यक्ष रोटरी क्लब बुटवल | 9857031166 | |
| ११ | डि.आर. भण्डारी | रोटरी क्लब बुटवल (डाउन टाउन) | 9857029077 | |
| १२ | रोमा कान्त पाण्डे | होटल तथा रे.व्य. संघ उपाध्यक्ष | 9857033116 | |
| १३. | कल्पना थापा | रूपा [illegible] | ९८२६०३४६६६ | |
| १४ | राहुल [illegible] | [illegible] | ९८२६०२७२०६ | |
| १५ | रिभन [illegible] बज्राचार्य | म.हि.मु. कार्यदल सदस्य | ९८४७०२८९०२ | |
| १६ | टिका क्षेत्री | एकल महिला | ९८४७९२०५४६ | |
| १७ | अम्बिका गोमती सुनार | न्यायिक समिति सदस्य | ९८४७०५८४४२ | |
| १८ | सुषमा कुमारी अर्याल | नगर कार्यपालिका सदस्य | ९८४६०८४२९८ | |
| १९. | दीपा वि.सी. | इन्सेक / [illegible] | ९८४७०४०८४२ | |
| २०. | आशिक राना मगर | निलो हिरा समाज | 9813590524 | |
| २१. | भगवती पाण्डे | क्रियाशील पत्रकार महिला | ९८४७०३८२६६ | |
| २२. | राधिका पौडेल | अध्यक्ष (बु महिला जेसीज) | 9857032771 | |
| २३. | कल्पना तिवारी | स्टेशन म्यानेजर / रेडियो [illegible] | 9847066423 | |
| २४. | रिया शाक्य | भरोसा [illegible] बुटवल | 9815465556 | |

| सि.नं. | नामथर | पद / संस्था | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| २५ | राधिका श्रेष्ठ | ना.सु. बु.उ.म.न.पा | ९८४६०२९३०० | [signature] |
| २६ | जुना [illegible] | बुटवल उ.म.न.पा. | ९८४६०५०२२६ | [signature] |
| २७ | लक्ष्मी अर्याल | ना.सु. बु.उ.म.न.पा. का. | ९८५६०३३९०० | [signature] |
| २८ | बिमला कुमारी शर्मा | बुटवल " कार्यपालिका सदस्य | ९८४६०६६३६६ | [signature] |
| २९ | सीता थापा आचार्य | कार्यपालिका सदस्य | ९८५६०५८९१२ | [signature] |
| ३० | देवा शर्मा | मुख्य: मन: स्थिति वा.विभाग | ९८४६०५२०५५ | [signature] |
| ३१ | दिपक /खनाल | अध्यक्ष - वृद्ध नागरिक [illegible] | ९८५६०२६१०९ | [signature] |
| ३२ | जमुना पौडेल | [illegible] | ९८५६०३९६५५ | [signature] |
| ३३ | सावित्रा घिमिरे | [illegible] प्रदेश | ९८५६०३८२५४ | [signature] |
| ३४ | सिताराम खनाल | उपाध्यक्ष उद्योग वाणिज्य संगठन | 9857020874 | [signature] |
| ३५ | धनकुमारी खनाल | कार्य समिति, बुटवल उद्योग | | |
| ३६ | | वाणिज्य संघ | 9847030397 | [signature] |
| | रिता ओखा वज्राचार्य | म.दि. कार्यदल | ९८५६०२५९१८ | [signature] |
| ३७ | [illegible] | [illegible] संयोजक | [illegible] | [signature] |
| ३८ | विमला [illegible] | [illegible] | ९८८९९८३६९ | [signature] |
| ३९ | भगवती महराउ | म. कि. [illegible] | ९८६६०८८९८४ | [signature] |
| ४० | मधुकला [illegible] | कार्यदल सदस्य | ९८४६०३८९९५ | [signature] |
| ४१ | सुनिता शर्मा | कार्यदल सदस्य | ९८५६०२८०२९ | [signature] |
| ४२ | अरुणा [illegible] | एकल महिला | 9847032125 | [signature] |
| ४३ | पवित्रा खनाल | एकल महिला | 071 490483 | [signature] |
| ४४ | नारायणी पाठा मगर | सचिव मु.अ.म.ए.म. बु.उ.म.न.पा. | 9847198754 | [signature] |
| ४५ | माया वराल | बुटवल कार्यपालिका स. | 9816450551 | [signature] |
| ४६ | L Ali Chhetri | सचिव / L Club Sayapatri | 985703121 | [signature] |
| ४६ | L.C Laligurash | Treasurer | 2802626502 | [signature] |
| ४८ | Roshni Bajracharya | Lions Club of Laligurash | 9847024281 | [signature] |
| ४९ | Anu Shrestha | " | 9847027177 | [signature] |
| ५० | L. Roshani Pandey. | Presiden/L.C. Sayapatri | 9857031871 | [signature] |
| ५१ | इन्दिरा आचार्य | कार्यदल सदस्य | 9857057430 | [signature] |
| ५२ | दामोदर ज्ञवाली | बुटवल उद्योग वाणिज्य संघ / व.उ.प. | ९८५६०२८८९३ | [signature] |
| ५३ | हरिश्वर पोखरेल | " " | ९८५६०८३९९२ | [signature] |
| ५४ | कमल [illegible] | " " | ९८४६०६६६४८ | [signature] |
| ५५ | इन्दिरा अर्याल | [illegible] | ९८५५०८६३०० | [signature] |
| ५६ | अमृता अनमोल | कान्तिपुर | ९८५६०९०८७५ | [signature] |
| ५७ | अमृत गौरी | नेपाल [illegible] | ९८५६०८८६२५ | [signature] |
| ५८ | बिमला तिवारी | [illegible] | ९८५६०२६३८१ | [signature] |

# अनुसूचिः ८

## सरोकारवालाहरुसंग सुझाव संकलन तथा छलफल सम्बन्धि प्रश्नावलीहरु

**सहभागी सरोकारवालाहरुको विवरण** : सरकारी कार्यालय/गैरसरकारी संस्था / व्यवसायिक संघ संस्था/ नीजि ब्यवसाय/ उद्योग कार्यालय/मिडिया/शैक्षिक संस्था /स्वास्थ्य संस्था /ट्रेड युनियनहरु /राजनीतिक दल, संगठन/व्यक्ति/अन्य …………

कार्यालय / संस्था/व्यक्तिको नाम : आवद्ध पदाधिकारी संख्या : महिला :………… पुरुष : ……. अन्य : …… जम्मा………….

आवद्ध कर्मचारी संख्या : महिला :………… पुरुष : ……. अन्य : …… जम्मा………….

१) **तपाइको संस्था / कार्यालयले लैगिक नीति वनाई लागू गरेको छ ?**

क) छ ख) छैन ग) वनाउने सोच छ घ) कुनै योजना छैन

२) **कार्यालय तथा संघ संस्थाहरुमा लैगिक नीति किन आवश्यक हुन्छ ?**

३) **तपाईको कार्यालय/संस्थाका कर्मचारीहरुलाई सुत्केरी बिदा र सुत्केरी स्याहार विदा दिने व्यवस्था छ ? छ भने कति दिन ?**

क) छ ख) छैन । ( छ भने सुत्केरी बिदा …..दिन,सुत्केरी स्याहार बिदा…….. दिन)

४) **तपाईको कार्यालय/संस्थामा शिशु स्याहार कक्षको व्यवस्था गरिएको छ ?**

क) छ ख) छैन ग) आवश्यक छैन

५) **तपाईको कार्यालय/संस्थामा लैङ्गिक सम्पर्क व्यक्ति (Gender Focal Person ) को व्यवस्था छ ?**

क) छ ख) छैन ग) आवश्यक छैन

६) **तपाईको कार्यालय/संस्थाले लैगिकताको क्षेत्रमा कार्य गर्न छुट्टै योजना र बजेटको व्यवस्था गरिएको छ ?**

क) छ ख) छैन ग) आवश्यक छैन

७) **तपाईको कार्यालय /संस्थामा लैगिक तथा समावेशी वजेट परीक्षण (Gender Audit) को व्यवस्था छ ?**

क) छ ख) छैन

८) **लैङ्गिक दृष्टिकोणले बुटवल उप-महानगरपालिकालाई कस्तो देख्न चाहनुहुन्छ ? (मुख्य ३ बूंदा)**

९) **बुटवल उप-महानगरपालिकाले बुटवललाई लैङ्गिक हिंसामुक्त उप-महानगर वनाउने योजना बनाउँदै छ, यो योजना तपाईलाई कस्तो लाग्छ ?**

क) राम्रो ख) सम्भव ग) महत्वाकांक्षी घ) असम्भव

१०) **लैगिक हिंसा अन्त्यका लागि कुन कुन क्षेत्र/पक्षमा कार्य गर्न जरुरी ठान्नुहुन्छ ? (वढीमा ४ पक्ष)**

११) **यो योजना कार्यान्वयनमा तपाईको संस्थाले के कस्ता कार्य गर्न सक्छ ?(वढीमा ५ बूंदामा )**

१२) **बुटवलभित्र लैङ्गिक विभेदमा आधारित हिंसा भएको देख्नु भएको छ ?**

क) छ ख) छैन।

१३) **छ भने कुन क्षेत्रमा बढी लैङ्गिक विभेद भएको देख्नुहुन्छ ?**

१४) **विभिन्न खालका लैगिक हिंसाजन्य जोखिममा वढी पर्ने समूह को हुन् ?**

क) वालक ख) वालिका ग) अन्य

१५) **कुन उमेर समुहका वालवालिका लैगिक हिंसाजन्य जोखिममा वढी परेका छन् ?**

क) ५ वर्ष भन्दा मुनि ख) ५ वर्ष देखि १० वर्ष

ग) १० वर्ष देखि १५ वर्ष सम्म घ) १५ वर्षदेखि २० वर्ष सम्म

१६) **ती जोखीम कस्ता प्रकृतिका छन् ?**

१७) **बुटवल क्षेत्रभित्रका सरकारी कार्यालयहरु लैङ्गिकमैत्री छन् ?**

क) छन् ख) छैनन् ग) केही छन् घ) अधिकांश छन्

१८) **लैगिक मैत्री अवस्थामा सुधार ल्याउन के गर्नु पर्ला ?**

१९) **बुटवल क्षेत्रभित्रका, सार्बजनिक स्थल (प्रतिक्षालय,सार्वजनिक शौचालय, खेल मैदान, सडक पेटी, हाटबजार, पार्क, बसपार्क लगायत) लैङ्गिकमैत्री छन् ?**

क) छन् ख) छैनन् ग) केही छन् घ) अधिकांश छन

२०) **लैगिक मैत्री अवस्थामा सुधार ल्याउन के गर्नुपर्ला ?**

२१) **बुटवल क्षेत्रभित्रका सार्वजनिक यातायात सेवा लैङ्गिकमैत्री छ ?**

क) छ् ख) छैन ग) केही छ घ) अधिकांश छ

२२) **लैगिक मैत्री अवस्थामा सुधार ल्याउन के गर्नु पर्ला ?**

२३) **नीजि तथा सार्वजनिक संरचनाहरु (भवन, सडक, फुटपाथ, प्रतिक्षालय, विद्यालय आदि) बनाउँदा लैङ्गिकमैत्री कसरी बनाउन सकिएला ? तपाइको सुझाव के छ ?**

२४) **बुटवल क्षेत्रभित्रका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सेवा प्रवाह लैङ्गिक मैत्री छ ?**

क) छ ख) छैन ग) थाहा छैन

२५) **स्वास्थ्य सेवा प्रदायक संस्थाहरुले सेवा प्रवाहलाई लैङ्गिकमैत्री बनाउन कस्ता कार्य गरेका छन् ?**

२६) **लैङ्गिक समानता र समावेशीताका दृष्टिकोणले बुटवल भित्रका देहायका पक्षलाई छोटकरीमा उल्लेख गर्नुहोस् ।**

क) राम्रा पक्षहरु

ख) सुधार गर्नुपर्ने पक्षहरु

ग) अवसरहरु

घ) चुनौतीहरु

बुटवल लैङ्गिकमैत्री उप-महानगर निर्माण गर्ने अभियान संचालन गरिरहँदा मुख्य सरोकारवालाहरुसंग संक्षिप्त छलफल र सुझाव संकलनमा सहयोग गर्नुभएकोमा बुटवल उप-महानगरपालिकाको तर्फवाट हार्दिक धन्यवाद छ।

संकलनकर्ताको नामः संस्था/ कार्यालयको छाप : उत्तरदाताको नामः

पदः हस्ताक्षर :

हस्ताक्षर : मिति :

मिति :

नोटः